THE DHARMAKIRTI
A BUDDHIST MONTHLY



दिवंगत भिक्षु डा. ज्ञानपूर्णिक महास्थविर

वर्ष-३८; अङ्क-४

बु.सं. २५६४, गुं पुन्हि

दिवंगत भिक्षु ज्ञानपूर्णिक महास्थविरको अन्त्येष्ठी

दिवंगत पुज्य डा. ज्ञानपूर्णिक महास्थविरको पार्थिव शरीर अगाडि उहाँका शिष्य भिक्षुहरूबाट अन्तिम श्रद्धाञ्जली चढाउनु हुँदै

अखिल नेपाल भिक्षु महासंघका सातौं संघनायक विश्व शान्ति विहारका प्रमुख थेरवाद एकेडेमीका प्राचार्य श्रद्धेय भद्दन्त अग्ग महापण्डित धम्माचार्य भिक्षु डा. ज्ञानपूर्णिक महास्थविर वि.सं. २०७७ साल असार १९ गते बिहान धापाखेल स्थिति सुमेरू अस्पतालमा मृगौला रोगको उपचार क्रममा ८१ वर्षको उमेरमा दिवंगत हुनुभयो ।

उहाँको पार्थिव शरीरलाई त्यही दिन विश्वशान्ति विहार धम्महलमा अन्तिम श्रद्धाञ्जलीको लागि राखिएको थियो ।

अन्तिम श्रद्धाञ्जली चढाउने क्रममा असार १९ गते देखि २१ गते बिहान सम्म विभिन्न विहारका भन्ते गुरूमांहरूबाट परित्राण पाठ र पुण्यानुमोदन गरि भन्तेको सुगति एवं निर्वाण कामनाका साथ पुण्यानुमोदन गरिएको थियो ।

यसको साथै महायानी गुरूहरू र वज्रयानी गुरूजुहरूको समूहबाट पनि भन्तेको सुगति एवं निर्वाण कामना गरि पाठ गरिएको थियो ।

पार्थिव शरीर राखिएको विश्वशान्ति विहारको धम्महलमा श्रद्धाञ्जली अर्पण गर्ने क्रममा सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई, प्रधान मन्त्री के.पि शर्मा ओलीका श्रीमती राधिका शाक्य, पूर्व प्रधानमन्त्री झलनाथ खनाल, पूर्वमन्त्री बुद्धिराज वज्राचार्य, पूर्व मन्त्री कृष्ण गोपाल श्रेष्ठ प्रदेश सभासद शोभा शाक्य, काठमाडौं महानगरपालिकाका मेयर विद्या सुन्दर शाक्य, उपमेयर हरीप्रभा खड्गी, ललितपुर नगरपालिका मेयर चिरीबाबु महर्जन आदिबाट श्रद्धाञ्जली चढाउनुभएका थिए ।

उहाँको निधन प्रति राष्ट्रपती विद्यादेवी भण्डारी तथा प्रधामन्त्री के.पि शर्मा ओलीले समवेदना सन्देश पठाउनु भएका थिए ।

यसका साथै श्रीलंका, थाइलैण्ड आदि देशका राजदूतहरू तथा प्रतिनिधिहरू पनि उपस्थित हुनुभई समवेदना व्यक्त गर्नुभएका थिए ।

त्यसपछि असार २१ गते दिवंगत भिक्षु ज्ञानपूर्णिक महास्थविरको सुगति एवं निर्वाण कामना गरि भिक्षु महासंघ र गुरूमांहरूको समूहबाट परित्राण पाठ पछि भिक्षु महासंघलाई काषाय वस्त्र दान एवं दान प्रदान गरि सामूहिक पुण्यानुमोदन गरिएको थियो ।

सो पश्चात् भिक्षु ज्ञानपूर्णिक महास्थविरको पार्थिव शरीरलाई फूलको गुच्छाले सजाइएको मोटरमा राखि विश्व शान्ति विहारबाट अपरान्ह भन्ते गुरूमां लामा गुरूहरू, वज्राचार्य गुरूजुहरू लयायत माननिय गन्यमान्य व्यक्तिहरूका साथ हजारौं संख्यामा उपासकोपासिकाहरूको उपस्थिती रहेको जनसमूहबाट शबयात्रा गरिएको थियो । उक्त शवयात्रामा दिवंगत भन्तेको निर्वाण कामना सहितको पाठ गरिएको थियो ।

(क्रमशः पेज २५ मा हेर्नुहोला)

प्रकाशक र विशेष सल्लाहकार

भिक्षुणी धम्मवती

फोन: ४२५९४६६

सम्पादक

भिक्षुणी वीर्यवती

फोनः ४२५९४६६

सम्पादन सहयोगी

भिक्षुणी शुभवती

व्यवस्थापकहरू

चिनीकाजी महर्जन

फोन: ९८४१२५२६६२

ज्ञानेन्द्र महर्जन

फोन: ४२७५३७७, ९८४१३६६५१४

ध्रुवरत्न स्थापित

फोन: ९८४१२६३३५५

सह-व्यवस्थापक

इन्द्रमान महर्जन

फोन: ९८४१४३४५७२

कार्यालय

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६४

नेपाल सम्बत् ११४०

इस्वी सम्बत् २०२०

बिक्रम सम्बत् २०७७

विशेष सदस्य	रु.	२०००/- वा सो भन्दा बढी
वार्षिक	रु.	१००/-
यस अङ्कको	रु.	१०/-

धर्मकीर्ति
(बौद्ध मासिक)

THE DHARMAKIRTI
A Buddhist Monthly
3rd AUGUST 2020

वर्ष- ३८	अङ्क- ४	गुं पुन्हि	श्रावण २०७७



नीच कार्य (दूषित, कलुषित, स्वार्थपूर्ण चित्त सहितको कर्त्तव्यहीन भई बेइमानी र छलकपटी) कार्य नगर्नु, बेहोशी (लोभ, द्वेष र मोहको जालमा पर्ने) कार्य नगर्नु, गलत (मिथ्या) धारणामा नफस्नु, आवागमन (जन्म र मरणको चक्र) मा घुम्ने कामना नबढाऊ ।

उठ वेहोशी (प्रमादी) नहोऊ, सद्धर्मको आचरण गर, प्रकृतीको स्वभाव धर्म अनुसार आचरण गर्ने धार्मिक पुरूषहरू यस लोक र परलोक दुबैमा सुखपूर्वक बिताउँछन् ।

प्रकृतिको स्वभाव धर्म (अनित्य, दुख र अनात्म)लाई बुझी आफ्नो आचरणलाई सुधार्नु पर्छ, दुराचरण गर्नु हुँदैन । धर्माचरण गर्ने व्यक्तिले यसलोक र परलोक दुबैमा सुखपूर्वक जीवन बिताउनेछ ।

यस संसारलाई पानीमा उठेको फोका अथवा मृगतृष्णा बराबर सम्झेर होशियारी बनेका व्यक्तिलाई यमराजले देख्दैन ।

विषय-सूचि

क्र.सं.	शिर्षक		पृष्ठ
१)	बुद्ध वचन	–	१
२)	सम्पादकीय - भिक्षु ज्ञानपूर्णिक महास्थविरको गुणानुस्मरण	–	३
३)	धर्मचक्र-प्रवर्त्तन सूत्र-२	– सत्यनारायण गोयन्का	५
४)	नराम्रो संस्कार बदल्न सकेमा मानिस असल बन्न सक्छ	– भिक्षु अश्वघोष	९
५)	मति सप्र्यो भने आयु पनि लम्बिन्छ	– धम्मवती	१२
६)	चुल्लसेट्ठि जातक	– प्रकाश वज्राचार्य	१३
७)	Bhante Gyanapurnika cherished memory of the most venerable monk of Nepal	– Dr. Suwarn Vajracharya	१४
८)	धर्मकीर्ति विहार–गतिविधि	–	१७
९)	ज्ञानया म्ये	– अमृतमान शाक्य भिक्षु	२२
१०)	धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू	–	२२
११)	अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा २०७६ सालको परीक्षा नतिजा	–	२३

साधुवाद ! साधुवाद !! साधुवाद !!!

कोराना भाइरसको महामारीले देशमा लकडाउनको स्थिति सृजना भएको अवस्थामा धर्मकीर्ति विहारका प्रव्रजित गुरूमांहरूका लागि बारम्बार आवश्यक खाद्य पदार्थहरू उपलब्ध गराउनुभई पुण्य सञ्चय गर्नुभएका दाता नेपालका वर्तमान प्रधानमन्त्री श्री के.पि. शर्मा ओलि, राधिका शाक्य बालुवाटारलाई धर्मकीर्ति विहारले आयु आरोग्य एवं निरोगी कामना गरी साधुवाद व्यक्त गरेको छ ।

धर्मकीर्ति विहार

श्रीघः नःघः, काठमाडौं, नेपाल ।

▪ सम्पादकीय ▪

भिक्षु ज्ञानपूर्णिक महास्थविरको गुणानुस्मरण

अखिल नेपाल भिक्षु महासंघका सातौं संघनायक भिक्षु डा. ज्ञानपूर्णिक महास्थविर आज हामीमाझ हुनुहुन्न । अर्को शब्दमा भन्ने हो भने उहाँको भौतिक शरीरलाई हाम्रो भौतिक आँखाले देख्न सक्दैनौं । तर अभिधर्म अनुसार उहाँ कुनै एक लोकमा अवश्य हुनुहुन्छ । त्यसैले बुद्ध शिक्षानुसार भन्ने गरिन्छ–

"पुण्यानि परलोकस्मिं पतिट्ठा होन्ति पाणिनं"

अर्थात्- वर्तमान शरीर त्यागिसकेका प्राणीलाई कुनै पनि भौतिक चीज र सम्पत्ति हाम्रो हातले सिधा दिन सक्दैनौं । उनीहरूको लागि हामीले कुनै पनि पवित्र एवं असल कार्यहरू गरेर संगालेको पुण्यरूपी शक्ति मैत्रीपूर्ण मनले स्मरण गरेर दिन सक्छौं ।

त्यसैले अब दिवंगत पूज्य ज्ञानपूर्णिक भन्तेको गुणानुस्मरण गर्दै हामीले समय समयमा असल कार्य गरेर संकलन गरेको पुण्य रूपी शक्ति एकाग्र चित्तले दिइरहन सकौं । यही हाम्रो कर्त्तव्य हुनेछ ।
पुण्य दिने अवस्थामा उहाँको अमूल्य गुण एवं योगदानहरूलाई स्मरण गर्नु अति आवश्यक हुनेछ । यसको लागि उहाँको जीवनमा उहाँले दिनुभएका देनहरूलाई संक्षिप्त रूपमा उल्लेख गरौं ।

पिता सूर्यलाल शाक्य र माता चन्द्रमाया शाक्यका कान्छा सुपुत्र हीरालाल शाक्यको रूपमा बि.सं. १९९६ मंसिर ६ गते (तदनुसार सन् १९३९ नोबेम्बर २१ तारिकका दिन) पाल्पाको तान्सेनमा जन्मनुभएको थिए भिक्षु ज्ञानपूर्णिक । उहाँका माताले हीरालाल शाक्यलाई ११ वर्षको कलिलो उमेरमा भिक्षु बनाउनका लागि भिक्षु बुद्धघोष महास्थविरको जिम्मामा सुम्पिदिएकी थिइन् ।

सन् १९५६ अगष्ट १५ मा वर्मामा सुप्रसिद्ध अग्ग महापण्डित भिक्षु विशुद्धाभिवंश महास्थविरबाट श्रामणेर दीक्षा प्राप्त गरि श्रामणेर ज्ञानपूर्णिक बन्नु भएका उहाँले सन् १९५९ अप्रिल १२ मा अभिधज राष्ट्रगुरू श्रद्धेय सयादो सुरियाभिवंश महास्थविरको उपाध्यायत्त्वमा उपसम्पदा भई पूर्ण भिक्षु हुनुभएको थियो ।

सन् १९६३ मा सासनधज धम्माचरिय उपाधि हासिल गर्नुभई वर्माको इतिहासमा सरकारी पालि शिक्षामा धम्माचरिय उपाधि प्राप्त गर्ने विदेशी भिक्षुहरू मध्ये पहिलो नेपाली भिक्षु ज्ञानपूर्णिक महास्थविरको रूपमा चिनिनु भयो ।

उहाँले सन् १९६४ देखि १९६६ सम्म म्यानमारकै बुद्ध सासन काउन्सिलको प्रकाशन संस्थामा औपचारिक सरकारी स्तरमा रहेर पालि बर्मिज विश्व शब्दकोषको सम्पादनमा महत्त्वपूर्ण योगदान दिनुभएको थियो ।

नेपालभाषा नेपाली भाषा, हिन्दी, अंग्रेजी, पालि, संस्कृत र वर्मी भाषा आदि विविध भाषाका ज्ञाता उहाँले धम्मवती गुरूमांको जीवनीमा आधारित वर्मी भिक्षु रवे थ्वं" ले लेख्नु भएको उपन्यास "तमि छेत" लाई भिक्षु ज्ञानपूर्णिक महास्थविरले नेपालभाषामा रूपान्तर गरेर "यःम्ह म्हयाय्" उपन्यास तयार पार्नुभएको थियो । यसरी साहित्य क्षेत्रमा गहन भूमिका निभाउन सफल भएकोले होला सन् १९७० मा साहित्य क्षेत्रको प्रतिष्ठित पुरस्कार "श्रेष्ठ सिरपा" भिक्षु ज्ञानपूर्णिकलाई प्रदान गरिएको थियो ।

वर्मी ध्यानगुरू विपश्यनाचार्य महासी सयादोबाट दिनभएको विपश्यना ध्यान सम्बन्धि वर्मी भाषाको प्रवचन भिक्षु ज्ञानपूर्णिक महास्थविरले भाषानुवाद गर्नुभई धर्मप्रचार क्षेत्रमा गहकिलो योगदान पुऱ्याउनु भएको थियो ।

उहाँ आफैले पनि विविध भाषामा बुद्ध शिक्षा सम्बन्धि प्रवचन दिनुहुँदै नेपाल, भारत, मलेसिया, अमेरिका, जापान, लगायत अन्य थुप्रै विदेशहरूमा पनि धर्मप्रचारकको रूपले भूमिका निभाउनु भएको देखिन्छ ।

उहाँले भारतको वाराणसी संस्कृत विश्वविद्यालयबाट संस्कृत भाषामा स्नातक गर्नुभई

पाटन स्थित सुमंगल विहारमा रहनुहुँदा त्रि.वि.वि. बाट स्नातकोत्तर तह सम्मको अध्ययन पनि गर्नु भएको कुरा थाहा हुन आएको छ ।

उहाँको बुद्ध शासनिक व्यक्तित्वलाई कदर गर्दै म्यानमारको विपश्यना केन्द्रबाट उहाँलाई कर्मस्थानाचार्य उपाधिबाट विभूषित गरिएको थियो । यसरी नै .म्यानमार सरकारले उहाँलाई सन् २००१ मा अग्ग महा सद्धम्म जोतिक धज" पदबाट सम्मान गरिएको थियो ।

यसको साथसाथै म्यानमार सरकारबाट सन् २०१३ मा उहाँलाई अग्ग महापण्डितको उच्च धार्मिक पदबाट पनि सम्मान गरिएको थियो ।

सन् २०१३ मा थाइलैण्डको महामुकुट बौद्ध विश्वविद्यालयको तर्फबाट बौद्ध अध्ययनमा उहाँलाई Doctor of Philosophy र सन् २०१६ मा महाचूलालोङ्कर्न राज विद्यायलबाट पनि पालिमा पि.एच.डी. (Doctorate Degree of Phd.in Pali) उपाधीले विभूषित गरिएको थियो ।

उहाँको बहुआयामिक व्यक्तित्त्व धर्मदूतको योगदानलाई कदर गर्दै संयुक्त, राज्य अमेरिकाबाट पनि निमन्त्रणा गरि अमेरिकाको नेश्भिल टेनिस स्थित बुद्धिष्ट टेम्पलको विहार प्रमुखको रूपमा १ वर्ष कार्यरत रहनु भएको थियो ।

उहाँले ध्यान कर्मस्थानाचार्य सयादो उ पण्डिताभिवंश महास्थविरको प्रमुख भाषा अनुवादकको रूपमा रहि फ्रान्स, जर्मन, लगायत थुप्रै विदेशहरूमा सञ्चालित ध्यान शिविरहरूमा योगदान दिनुभएको थियो ।

यसरी नै नेपालको बुद्ध शासनको शैक्षिक क्षेत्रमा बुद्ध शिक्षा परियत्ति विकासको लागि उहाँले परीक्षा नियन्त्रक र शिक्षाध्यक्ष लगायत अन्य बिविध–पदमा रहनुभई बौद्ध परियत्ति शिक्षामा ५० वर्ष सम्म निरन्तर योगदान पुऱ्याउनु भएको थियो ।

ललितपुरको थेचो स्थित वेलुवनाराम विहार, मंगल बजारको पटकोमा मणिमण्डप विहार र काठमाडौंको नयाँ वानेश्वरमा विश्वशान्ति विहार जस्तो विभिन्न विहारहरू स्थापना गरि गुरू शिष्य परम्परालाई निरन्तरता कायम गर्न नयाँ शिष्य भिक्षुहरू उत्पादन गरि बुद्ध शासन चिरस्थायी बनाउने कार्य गर्नु भएको छ ।

यही सिलसिलामा नेपालमा प्रव्रजितहरूको दक्ष जनशक्ति र संघ विस्तारमा लाग्नु हुँदै प्रव्रजितहरूको संख्यात्मक र गुणात्मक रुपमा नयाँ पुस्ता तयार गर्नको लागि विश्व शान्ति विहार अन्तरगत विश्व शान्ति बौद्ध शिक्षालय तथा थेरवाद बुद्धिस्ट एकेडेमी स्थापना गर्नुभयो । भिक्षु ज्ञानपूर्णिकले ६० भन्दा बढि बौद्ध साहित्य ग्रन्थहरू अनुवाद, सम्पादन तथा लेखन गर्नुभई प्रकाशनमा ल्याउनु भएको छ ।

स्मरणिय रहेकोछ सन् २०१९ मा नेपाल सरकारको तर्फबाट उहाँलाई परमपूज्य (His Holiness) पदबाट सम्मानित गरियो भने सन् २०१९ जून १६ का दिन म्यानमारको International Association of Theravada University को बोर्ड बैठकले उहाँलाई उपाध्यक्ष पदमा मनोनित गरिएको थियो ।

भारत, चीन, इन्डोनेशिया, वर्मा, थाइलैण्ड, श्रीलंका, मलेसिया, सिंगापुर, जापान, मंगोलिया, अमेरिका, रूस, ग्रेटब्रिटेन, जर्मन, फ्रान्स, अष्ट्रेलिया, लगायत विविध देशहरूको भ्रमण गरि धर्मप्रचार गर्नुहुँदै जीवनको ७० वर्ष बुद्ध शासनमा समर्पण गर्नु भएका ज्ञानपूर्णिक भन्तेको निधन बुद्ध शासनको लागि ठूलो क्षति महसूस गरिएको छ ।

"रुपं जीरति मच्चानं नाम गोत्तं नजीरति"

अर्थात् मानिसको रूप जीर्ण हुँदै नाश भएपनि उसले समाज, देश र संसारलाई दिएर गएको अमूल्य योगदान एवं कीर्ति सदा अमर र जाज्वल्य भएर चम्किरहेको हुन्छ ।

यसरी नै भिक्षु ज्ञानपूर्णिक भन्तेका ७० वर्षिय धार्मिक यात्राले संचित पुण्य कार्यको शक्तिबाट उहाँलाई सुगति एवं निर्वाणको हेतु प्रदान गर्नेछ भन्ने कामना गर्दै पुण्यानुमोदन गर्दछौ ।

भवतु सब्ब मंगलम् ।

धर्मचक्र-प्रवर्तन सूत्र-२

✍ सत्यनारायण गोयन्का

दुःखको समुदय हुनु, दुःखको उत्पन्न हुनु दोस्रो आर्यसत्य हो। दुःख छ, दुःख किन उत्पन्न हुन्छ ? यसको बारेमा थाहा पाउनु नै दोस्रो आर्य सत्य हो। भन्नलाई त सबैले भन्छन् कि दुःखको कारण के हो तर भगवानले यसरी भन्नु भयो कि दुःखको समुदय भनेको के हो ? दुःखको समुदय तृष्णा हो। तृष्णाको उत्पन्न हुनु भनेको नै दुःखको उत्पन्न हुन हो। तृष्णा संग संगै दुःखको उदय हुन्छ त्यसैले तृष्णा केवल दुःखको कारण मात्र होइन कि तृष्णा नै दुःख हो। तृष्णा भनेको जे जति छ त्यसबाट सन्तुष्ट नहुनु र जुन छैन त्यस प्रति ब्याकुल हुनु नै तृष्णा हो। जहिल्यै पनि यो अवस्था आईरहन्छ। अभाव नभएको अवस्था कहिल्यै पनि आउँदै आउँदैन कुनै न कुनै अभाव आइरहन्छ। म संग सबै थोक छन् तर यो एउटा छैन, सबै छन् यस्को मात्र अभाव छ, सबै थाकेछन् तर यत्तिले पुने अर्को चाहियो, चाहियो भन्ने भाव आईरहन्छ। यहि नै तष्णा हो। पानीको प्यासले घाँटी सुके झैं अभाव भइरहन्छ। यसरी तृष्णाको उत्पन्न हुनु नै दुःखको उत्पन्न हुनु हो। तृष्णा तीन प्रकारका छन्- काम तृष्णा, भव तृष्णा र विभव तृष्णा।

काम तृष्णा भनेको काम भोगको तृष्णा हो। भव तृष्णा भनेको भव प्रतिको तृष्णा हो। यो संसारमा के छ र ? दुःख नै दुःख छ तर भव 'म' चाहिं जरुर रहनु पर्छ। 'म' बाँकी रहनै पर्छ, 'म' जसरी भए पनि कायम रहनु पर्छ। यो 'म' को प्रति, आत्म भावको प्रति यति गहिरो आसक्ति हुन्छ कि जसरी भए पनि 'म' रहनै पर्छ। यस दुःखको संसारबाट छुट्कारा होस् तर एउटा यस्तो अमर लोक होस्, एउटा यस्तो स्वर्ग लोक होस् स्वर्गलोकमा पनि मृत्यु हुन्छ, होइन ब्रह्म लोक होस् म अमर हुनपाउन्। निर्वाण होस् तर पनि म त कायम रहिरहोस्। 'म' कतै अभावमा नजाउन्। म कायम भईरहोस् भन्ने भाव यही नै भव तृष्णा हो। पटक पटक जन्म लिएर पनि आफू कायम नै रहन चाहने भव तृष्णा उत्पन्न हुन्छ। जुनसुकै लोकमा भएपनि 'म' कायम भईरहूँ भन्ने चाहना रहिरहन्छ।

अर्को तृष्णा छ विभव तृष्णा। विभव तृष्णा भनेको 'म' मुक्त हुनु छ, मलाई मुक्त हुनु छ भन्ने भाव आउनु विभव तृष्णा हो। मलाई मुक्ति चाहियो, मलाई भव चाहिएन, म मुक्त हुनु पऱ्यो भन्ने भाव हुनु त्यहाँ पनि चाहियो, चाहियो भन्ने भावले त छोडेन। यहाँ पनि तृष्णा त रह्यो। यस चाहियो चाहियो भन्ने भावले मुक्ति मार्ग तर्फ त लाँदैन। आर्य अष्टाङ्गिक मार्गमा अगाडि बढ्यो भने आफै भवचक्र टुट्दछ र मुक्त हुन्छ। जबसम्म तृष्णा रहिरहन्छ तबसम्म मुक्ति धेरै टाढा हुन्छ।

अर्को सत्य छ दुःख निरोध आर्य सत्य। त्यो सत्य जहाँ दुःखको निरोध हुन्छ जहाँ दुःखको समाप्त हुन्छ। दुःखको समाप्त कसरी हुन्छ ? जहाँ तृष्णाको शेष रहँदैन, जहाँ रागको शेष रहँदैन त्यही नै वितराग अवस्था हो। त्यही निरोध हो, जहाँ अब फेरि राग कहिल्यै पनि उत्पन्न हुँदैन। थोरै समयको लागि राग जागेन त्यो अर्कै कुरा हो तर त्यो अवस्था जहाँ कहिल्यै पनि राग जाग्दैन यही निरोधको अवस्था हो। जुन जुन आसक्तिको आलम्बन थियो त्यो सबै छुटेको अवस्था, त्यस अवस्थाबाट पर जहाँ फेरि केही ग्रहण गर्ने ठाउँ नै छैन। सारा आलम्बन छुटेको अवस्था त्यो नै निर्वाणको अवस्था हो। जब सम्म नामरुपको क्षेत्रमा छ, जबसम्म छ तबसम्म इन्द्रिय को क्षेत्रमा छः त्यो अवस्था आउँदैन। त्यो अवस्था त इन्द्रिय भन्दा परको अवस्था, निर्वाणको अवस्था, अरहन्तको निरोधको अवस्था जुन मुक्तिको अवस्थासम्म सहायक भयो। श्रोतापन्नको अवस्था त्यो अवस्था हो जुन अवस्थामा एक अंश मात्रको मुक्ति हुन्छ। यस अवस्थामा अपाय लोकबाट मुक्त हुन्छ। अझ अन्य लोकबाट मुक्त हुनु त बाँकी नै छ। यसरी मुक्त हुँदै हुँदै अरहन्त अवस्थाको मुक्त हुनेछ, निर्वाण अवस्थाको अनुभव हुनेछ। यस अवस्थामा पक्रने कुनै आलम्बन हुँदैन, समाउने कुनै ठाऊँ हुँदैन। सारा तृष्णा विल्कुल अशेष हुन्छ, विल्कुल समाप्त हुन्छ।

चौथौं आर्य सत्य दुःख निरोध गामिनी प्रतिपदा हो, मध्यमा प्रतिपदा हो। चारै वटा आर्य सत्य धर्मको पहिलो प्रकाशन हो। त्यस बेला जुन भिन्न भिन्न प्रकारका मतहरू कायम थिए र भिन्न भिन्न मतहरू जुन अहिले छन् ती सबै सम्प्रदायले एउटै कुरा भन्छ कि

मुक्त अवस्था सम्म पुग्नु छ । मुक्त हुनु छ । तर कसरी पुग्नु छ ? कसरी पुगिन्छ र मुक्ति के को पाउने ? के बाट मुक्त हुने ? यसको खास कुरा छैन तर मुक्त हुने, मुक्त हुने भनेर लागिरहन्छ । जुन वास्तवमा मुक्तिको विपरित मार्गमा गईरहेको हुन्छ । शुद्ध धर्म उत्पन्न भएको छ भने अरु सबै नचाहिने कुरा जुन हाम्रो वन्धन संग कुनै लेनदेन छैन, जुनकुरा संग हाम्रो वन्धनको कारणसंग कुनै लेनदेन छैन, जुन कुरासंग हाम्रो मुक्तिको कुनै लेनदेन छैन, जुन कुरा संग हाम्रो मुक्तिको उपाय संग कुनै लेनदेन छैन ती सबै वेमतलबका कुरा हुन्, काम नलाग्ने कुरा हुन् । दार्शनिक मान्यताहरूले मानिसहरूलाई यसरी अल्झाई राखेको हुन्छन्, कि धर्मको नाममा अध्यात्मको नाममा यस मान्यतालाई केवल मान्दैमा नै म मुक्त हुनेछ भन्ने सोचाईमा हुन्छ । तर यस मान्यतालाई मान्दैमा कोही ब्यक्ति मुक्त हुन सक्दैन । यस्तो ब्यक्ति कहिल्यै पनि मुक्तिको मार्गमा आउन सक्दैन । शुद्ध धर्ममा यिनीहरूलाई स्थान छैन । जुनसुकै मान्यता मान्ने ब्यक्ति होस् वा जुन सुकै सम्प्रदायमा दिक्षित होस्, दुःख छ भन्ने तथ्य कुनै बौद्ध सम्प्रदाय मान्ने ब्यक्तिको सत्य होइन । सम्यक सम्बुद्धले तयार गरेको सत्य होइन । कोही ब्यक्ति सम्यक सम्बुद्ध नभएको अवस्थामा पनि यो दुःख त कायम नै थियो । दुःखको कारण पनि कोही सम्यक सम्बुद्ध नभए पनि त्यो त छँदै थियो । दुःखको कारण हटाउने उपाय पनि थियो र दुःख हटाउने उपाय ग्रहण गरेर मुक्त हुने अवस्था पनि थियो । मार्ग अँध्यारोमा थियो, प्रकृतिको त्यो सत्यलाई समय बित्दै गए पछि मानव समाजले बिर्सिंदै गए । यसको बदलामा कुनै अनर्थको कुरालाई पक्रेर मानिसहरू लागे तर अब भगवानको उत्पत्ति भएकोछ अतः सबैलाई सम्झाउनु हुदै भन्नुभयो ती सबैलाई छोडेर केवल

कामको कुरा हेर – दुःख छ भन्ने जानौं यो कुनै एउटा सम्प्रदायको कुरा होइन । कुनै एउटा वर्णको होइन, कुनै वर्गको होइन । दुःख छ यति ठूलो सत्य छ । दुःखको कारण छ, जुन तृष्णा हो । यो कुनै जाति विशेष वा देश, वर्ण विशेषको होइन । कुनै समय विशेषको होइन । तृष्णा जब उत्पन्न हुन्छ, जो ब्यक्तिमा उत्पन्न हुन्छ साथमा दुःख पनि ल्याएकै हुन्छ । यो प्रकृतिको नियम हो । यस अर्थमा यसलाई शुद्ध धर्म भनियो । सत्यधर्म भनियो । कि यो सत्य हो, प्रकृतिको सत्य हो, तृष्णा जाग्यो कि दुःख भयो । तृष्णा खतम भयो कि दुःखको समाप्ति भयो । तृष्णा मेट्नको लागि तृष्णा कहाँबाट उत्पन्न भयो त्यहाँसम्म पुग्नु आवश्यक छ । पहिले त माथिल्लो तहको तृष्णा शरीरको, वाणीको शील शुद्ध गर्नु पर्‍यो । यसको लागि आफ्नो मन वशमा राख्नु पर्‍यो । पहिला मनलाई यस्तो स्थितिसम्म पुर्‍याउनु पर्‍यो जुन अवस्थामा मनमा विकार नजागोस् । यसको लागि अभ्यास गर्नु पर्‍यो । र मनमा संग्रह गरेको जुन पुरानो विकार छ त्यसलाई हटाउन प्रज्ञाको अभ्यास गर्नु आवश्यक छ । यस कार्यमा बौद्ध हिन्दू, इसाई, ब्राह्मण, शुद्र भन्ने भाव अलिकति पनि आउँदैन । यस्तो भाव नआएर नै शुद्ध धर्म भयो । कोही ब्यक्ति सम्यक सम्बुद्ध भयो कि भएन यसैबाट थाहा हुन्छ कि उस्ले न कुनै सम्प्रदाय स्थापित गर्‍यो न कुनै दार्शनिक मान्यता स्थापित गर्‍यो, न कुनै मत स्थापित ग्यो । मानिसहरूले पछि उनको नाममा बौद्ध सम्प्रदाय बनाए, यो बौद्ध मान्यता हो भनेर माने, यो बुद्धको दार्शनिक मान्यता भनेर बनाए । यसमा न बुद्ध दोषी छ न धर्मको दोष छ । बुद्ध भयो त एकजना वैज्ञानिक झैं, प्रकृतिको नियमलाई सामू राखेर । यो प्रकृतिको नियम हो कि जब सम्म तृष्णा जाग्छ तबसम्म दुःख हुन्छ । चाहे कसैले ईश्वरलाई मानोस् या नमानोस्, यसबाट केही फरक पर्दैन । कोही यो सम्प्रदायको होस् या त्यो सम्प्रदायको अथवा कोही यो वर्णको या त्यो वर्णको यसबाट केही फरक पर्दैन । जो ब्यक्तिमा तृष्णा जाग्यो त्यो दुःखी हुन्छ नै । जो ब्यक्तिले तृष्णा हटायो उसको दुःख हट्यो । यस्तो सिधा कुरा छ, सोझो मार्ग छ । यही मार्गमा अघि बढेर सम्यक सम्बुद्ध भयो । त्यसैले यो शुद्ध धर्म हो जुन सबैले सहज रुपले बुझ्न सक्छन् ।

हामी यी चारै वटा सत्यमा यही कुरा भेट्टाउँछौं कि दुःख छ दुःख छ भन्ने कुरालाई अनुभवले जानौं । सुखद् अनुभूतिको प्रति कति आसक्ति छ, कति मन पराउँछौं हामी सुखद् अनुभूतिलाई त्यसैले नै दुःखको कारण बनीरहेको छ । हामीलाई सुख नै चाहिन्छ यही गहीरो आसक्तिमा डुबिरहन्छौं र दुःखको कारणलाई मजबुत बनाउँदै जान्छौं, ब्याकुल हुँदै जान्छौं । यस कुरालाई बुझ्न सक्यो भने दुःखको कारणलाई बुझ्न सक्छौं । यसबाट मुक्त हुने मार्ग छ, त्यसैले पहिला यस मान्यतालाई मान्नु पर्‍यो, जान्नु पर्‍यो । जहाँबाट तृष्णा

जाग्यो त्यहाँसम्म पुग्नु पर्‍यो । यसको लागि मन एकाग्र गर्नु पर्‍यो, शान्त गर्नु पर्‍यो । तब गहिराईमा जाँदै जाँदै सुखद् अनुभूतिमा राग जागेको-दुःखद् अनुभूतिमा बेष जागेको थाहापाउँछौं । यो नियम त सबैमा लागू हुन्छ, जुनसुकै सम्प्रदायको व्यक्ति भए पनि यहि नियम लागू हुन्छ । त्यसैले यसलाई सार्वजनिन धर्म भनियो अर्थात् सबैमा लागु हुने नियम । यस्तो धर्म पहिलो पटक धारण गरेको व्यक्ति भएकोले नै सम्यक सम्बुद्ध भनियो । यस्तो कारण त मैले अनुभव गरें, यस्तो अनुभव नगरेका व्यक्तिहरू धेरै छन्, जुन अनुभव धेरै जनाले गर्न सक्छन्, दुःखको निवारण गर्न सक्छन् भन्ने सोचेर सबैलाई धर्म सिकाउँनुभयो । उहाँले आफ्नो जीवनको पैंतालीस बर्षसम्म जुन शिक्षा समाजमा बाँध्नु भयो त्यसको आधार यही चार सत्य हुन् । यही चार आर्यसत्यलाई बुझाउनु भयो । यो दुःख हो । यो आर्य सत्य हो । यी चार आर्यसत्यलाई आफ्नो अनुभवले थाहा पाए जुन ज्ञान जाग्यो त्यो पहिला कहिले पनि सुनेको थिएन, त्यसको ज्ञान प्राप्त भयो । यो दुःख हो, यो दुःखको कारण हो, यो दुःख निवारण गर्न सकिन्छ र यो निवारणको मार्ग हो जुन अवस्था साँचिक्कै प्राप्त गर्न सकिन्छ भन्ने वारेमा पहिला कहिले पनि सुनेको थिएन । यसलाई थाहापाएर चक्खुं उद्पादि- धर्मको चक्षु उत्पन्न भयो, त्राणं उद्पादि- सम्यक ज्ञान उत्पन्न भयो, पञ्ञा उद्पादि- भावना मय प्रज्ञा जाग्यो, विज्जा उद्पादि- अविद्या हट्यो, आलोको उद्पादि- प्रकाश जाग्यो । अन्धकार रहेको ठाउँमा धर्मको प्रकाश जाग्यो । सारा तथ्यलाई यसरी बुझे कि नबुझेको कुनै ठाऊँ नै रहेन धर्मको यस्तो प्रकाश प्रस्फुटन भयो जहाँ अन्धकारको नामोनिशान रहेन ।

दुःख छ त्यो त सम्पूर्ण रुपमा बुझियो । अब दुःखको सीमा कहाँसम्म छ, त्यसको बारेमा थाहा पाउनु पर्‍यो । दुःखको परिज्ञान गर्नु पर्छ, दुःखको क्षेत्र कहाँ सम्म छ त्यो सबै थाहापाउनु पर्‍यो । नभए दुःख बाट निस्कें भन्ने कुरा कसरी थाहापाउने ? सायद यसको पर पनि दुःखको क्षेत्र छ की भन्ने प्रश्न रहन्छ । दुःखको यति क्षेत्र छ भन्ने थाहापाए पछि नै दुःखको परिधि भन्दा बाहिर पुगें, परिधि नाघिसकें भन्ने थाहा हुन्छ । नभए बिच मार्गमा देखिने सुखका अनुभूतिहरूलाई नै अन्तिम सुख थानेर बस्छ । अतः सम्पूर्ण दुःखको परिधिलाई थाहापाउनु पर्छ परिनेय- दुःखको परिज्ञान हुनु पर्छ भन्ने कुरा कहिले पनि सुनेको थिएन ।

अब तेस्रो, दुःखको सम्पूर्ण क्षेत्रलाई पनि थाहापाएँ- परित्रातं दुःखको सम्पूर्ण क्षेत्रलाई आफ्नो अनुभवले थाहापाएँ । त्यसलाई आफ्नो अनुभवले थाहापाएर जुन ज्ञान जाग्यो, जुन प्रज्ञा जाग्यो, जुन विद्या जाग्यो त्यो पहिलो कहिले पनि सुनेको थिएन ।

एउटै आर्य सत्यलाई तीन प्रकारले अनुभव गरेको थियो । यो दुःख हो भनेर दुःखलाई थाहापाउनु पहिलो कुरो भयो । दोस्रो दुःखको सम्पूर्णक्षेत्रलाई थाहापाउनु; दुःखको सम्पूर्ण क्षेत्रको बारेमा थाहा नपाईकन दुःखबाट बाहिर निस्कें, दुःखको परिधि नाघि सकें भनेर कसरी थाहा हुन्छ । त्यसैले दुःखको सम्पूर्ण क्षेत्रलाई थाहापाउनु पर्छ भन्ने ज्ञान भयो । तेस्रो अनुभव-दुःखको सारा क्षेत्रलाई जानिसकें भन्ने अनुभव हो । यो अनुभव त त्यही व्यक्तिले मात्र गर्न सक्छ जस्ले दुःखको बाहिरको सत्यलाई अनुभव गरिसकेको छ । सारा सत्यलाई, चारै आर्य सत्यलाई हेर्दै हेर्दै यस सत्यको परिधिलाई नाघे पछि थाहा भयो कि ओहो दुःखको परिधि त यहाँ सम्म मात्र रहेछ यसभन्दा अगाडि केही रहेनछ । यही आर्य सत्यबाट निरोधको अनुभव भयो तब थाहाभयो कि परित्रातं-परिज्ञान भयो ।

यसरी यी तीन आर्यसत्यलाई यसरी बुझायो कि यो दुःख हो, यो दुःखको क्षेत्र हो र यो दुःख क्षेत्रको सम्पूर्ण दुःखलाई मैले थाहापाइसकें । यसरी एउटै आर्य सत्यलाई तीन प्रकारले थाहापाएँ ।

त्यस्तै दोस्रो आर्य सत्य-दुःख समुदय सत्यलाई पनि तीन प्रकारले थाहापाएँ । तृष्णालाई थाहा पाएँ । तृष्णा के हो ? पहिला थाहा पाएँ । यस तृष्णालाई त पहातब्बं प्रहाण गर्नु पर्छ अर्थात जरै देखि निकाल्नु पर्छ । माथिल्लो तहको मात्र तृष्णा निकाल्यो भने त केही मतलबको कुरा भएन त्यसैले जरासम्म उखेलिनु पर्छ भन्ने थाहापाएँ । यो दोस्रो आर्य सत्यको दोस्रो, भाग भयो । तेस्रो भाग अब मैले यस तृष्णालाई उखेलेर फ्याँकि दिएँ, यसको अब नाम निशान रहेन भनेर थाहापाएँ । यसरी दोस्रो आर्यसत्यलाई तीन प्रकारले थाहापाएँ ।

तेस्रो आर्यसत्य दुःख निरोध आर्यसत्य हो । यो सत्य निरोध सत्य हो, यो अवश्य निरोध हुन्छ, समाप्त हुन्छ । यसलाई सच्छिकातब्बं साक्षात्कार गर्न योग्य छ ।

दुःखलाई स्वीकार गर्दैमा यस भन्दा पर जान सक्दैन। जहाँ दुःख छ, दुःख हुनुको कारण छ भने त्यहाँ निवारण गर्न सक्ने अवस्था पनि छ र निवारण गर्न सकिन्छ र दुःखको निवारण भयो भने दुःखबाट मुक्त हुन्छ। यसलाई आफ्नो अनुभवले थाहापाएँ स्वयंले साक्षात्कार गर्नु छ भन्ने थाहापाएँ। यो दोस्रो तथ्य भयो। र तेस्रो तथ्य मैले यसको सच्छिकतं साक्षात्कार गरें। यसरी तेस्रो आर्यसत्यलाई पनि तीनै प्रकारले थाहापाएँ।

चौथो आर्य सत्य दुःख निरोध गामीनी प्रतिपदा हो। यो मध्यमा प्रतिपदा-आर्यअष्टाङ्गिक मार्गलाई पटक पटक अनुभव गर्दै गर्दै यति परि पक्व हुनु पर्छ कि यस मार्गमा बढ्दै गयो भने दुःख निरोधको अवस्था सम्म पुयाउँछ। यो प्रतिपदा- यो मार्ग भावित गर्न योग्य छ- भावेतब्बं। यो अष्टाङ्गिक मार्ग यस्तो मार्ग हो जुन मार्गले हामीलाई मुक्त गर्छ, यस कथनलाई केवल मान्दैमा केही फाईदा हुँदैन। यस मार्गमा लाग्नु पर्छ, पाक्नु पर्छ- भावितवं। तेस्रो तथ्य- यस मार्गलाई भावितं भावित गरें, पुरा मार्गमा हिंडेर हेरें। सम्पूर्ण सत्यलाई थाहापाएँ। यो तेस्रो तथ्य भयो।

चारै आर्यसत्यको अवस्था आफ्नो अनुभवले थाहापाएँ। यी जुन चार आर्यसत्य छन् यिनीहरूलाई तीन प्रकारले थाहा पाएँ। हरेक आर्यसत्यलाई तीन प्रकारले अनुभव गरें। यो सत्य हो, यस सत्यलाई पूरा थाहापाउनु छ र यस सत्यलाई पूर्ण रुपले थाहा पाएँ। यसरी हरेक सत्यलाई तीन प्रकारले थाहापाएँ यसरी तीन चौको बाह्र प्रकारले थाहापाएँ। बाह्र अवस्थाबाट गुज्रें तब नै मेरो ज्ञान शुद्ध भयो पूर्ण भयो। तब सम्म मैले यस संसारमा जहाँ देव, ब्रह्मा, मार, श्रमण-ब्राह्मण भनेर, सारा प्रज्ञा छन् यिनीहरू बिच मलाई सम्यक सम्बोधि प्राप्त भयो भनेर कहिले पनि दाबा गरेन जबसम्म यसरी बाह्र प्रकारले मैले अनुभव नभएसम्म मैले सम्यक सम्बोधि प्राप्त गरें भनेर दावा गरेन। जब मैले यस चार आर्यसत्यलाई प्रत्येक आर्यसत्यलाई तीन प्रकारले बुझें, थाहापाएँ आफ्नो अनुभवले जानें, स्वीकार गरें तब मैले यस संसारमा जहाँ देवता, ब्रह्मा, मार, श्रमण-ब्राह्मण र प्रज्ञाहरू छन्, यिनीहरू बिच मैले मलाई सम्यक सम्बोधि प्राप्त गरें भनेर घोषणा गरें। अब सही अर्थमा ज्ञान दर्शन उत्पन्न भयो। यस अवस्थामा पुगे पछि अब फेरि मेरो अर्को जन्म हुँदैन भनेर थाहापाएँ। अरहन्तको निरोध समापतिबाट जब गुज्रन्छ तब सारा तथ्य यति स्पष्ट हुन्छ कि, जन्म दिने जति पनि संस्कारहरू छन् ती सबैको अन्त भयो। अब फेरि जन्म दिलाउने अन्य संस्कार बन्न नै सक्दैन। जब यस अवस्था बाट कोही गुज्रन्छ तब घोषणा गर्छ कि मलाई बिमुक्ति प्राप्त भयो। यो जुन जीवन चलिरहेको छ यो अन्तिम जीवन हो। अब अर्को जन्म हुनेछैन - नत्थिदानि पुनब्भवोति।

भगवानले दिनुभएको यस उपदेशलाई सुनेर ती पञ्चबर्गीय भिक्षु जो एक समय भगवानलाई छोडेर हिंडेका थिए, जो शारीरिक दण्डबाट नै मुक्त अवस्था प्राप्त गर्न सकिन्छ भन्ने सोचाईमा थिए, उनीहरूले यसलाई प्रसन्न चित्तले स्वीकार गरे। यो पहिलो धर्मचक्र प्रवर्तन जुन स्वयंले सबभन्दा पहिलो बोधी वृक्षको मुनि अनुभव गरेका थिए। पहिला त लोकचक्र नै लोकचक्र चलिरहेको थियो दुःखचक्र नै दुःखचक्र चलिरहेको थियो अब आफ्नो अनुभवले थाहा पाए। ऋषिपतनमा जुन धर्मचक्र प्रवर्तन गर्नु भयो। त्यो धर्मचक्र अब बाहिर पनि चल्न थाल्यो। प्रत्येक ब्यक्ति-ब्यक्तिमा अब धर्मचक्र चल्ने कामको थालनी भयो।

यी पाँच वर्गीय भिक्षुहरूले बुझे कि यो मान्छेले ठीक भनिरहेछ, सही कुरो भनिरहेछ। शरीरलाई बिना दण्ड दिएर पनि यी चार सत्यलाई अनुभव गर्न सकिन्छ, उनीहरूले स्वीकार गरे। र ती पाँच मध्ये कौण्डन्य नै यस्तो धर्मचक्षु उत्पन्न भयो। अर्थात् जति पनि उदय भईरहेका छन् ती सबै निरोध पनि हुनेछन् भन्ने थाहापाए, आफ्नो अनुभवले जाने, पहिलो पटक निर्वाण को साक्षात्कार गरे, श्रोतापन्न अवस्थाको साक्षात्कार गरे।

कोही व्यक्ति सम्यक सम्बुद्ध हुँदैमा ऊ मुक्ति दाता बन्न सक्दैन केवल मार्ग दाता मात्र हुन सक्छ। अनेक जन्मको पारमिता संग्रहित छ भने मुक्तिको मार्गमा अगाडि बढ्ने बित्तिकै निरोध अवस्था प्राप्त गर्न सकिन्छ। अतः प्रयास त स्वयंले गर्नु पर्छ, सम्बुद्धले त केबल मार्ग देखाईदिनु हुन्छ। साक्षात्कार त हामीले नै गर्नुपर्छ। यस्तो गर्न सकेको भए त ती पाँचै जना भिक्षुलाई मुक्त गरिदिन्थ्यो तर यस्तो त गर्न सकेन। अतः प्रयास स्वयंले गर्नु पर्छ।

(साभार- बुद्ध वर्ष २५४८, वर्ष २१, अङ्क ४, श्रावण २०६१)

नराम्रो संस्कार बदल्न सकेमा मानिस असल बन्न सक्छ

✍ **भिक्षु अश्वघोष**

संस्कार बदल्ने कुरा गर्नुभन्दा पहिला संस्कारको अर्थ बुझ्नु उचित हुनेछ । यहाँ संस्कार भन्नाले जन्मेदेखि मृत्युपर्यन्त गरिने कर्मकाण्डको विषयमा लेख्न खोजिएको होइन । जन्म लिएदेखि आफूमा टाँसिइरहने राम्रा नराम्रा बानी व्यवहारहरू, चालचलन र कुसंस्कारहरूको विषयमा यहाँ उल्लेख गर्न खोजिएको छ । अझ स्पष्ट गर्ने हो भने नानीदेखि लिएर आएका कुसंस्कारहरूलाई बदल्न सके असल मानिस बन्न सकिने विषयमा चर्चा गर्न लागिरहेको छ ।

प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोषमा संस्कारको अर्थ यसरी उल्लेख गरिएकोछ– ' अवगुण, दोष, कमजोरी, आदि हटाई सुधार गर्ने, पवित्र पार्ने आदि आदि ।' बुद्धले धर्मचक्र प्रवर्तन सूत्र देशना गर्नुहुँदा आफ्नो परिचय दिनुहुँदै यसरी भन्नुभएको थियो– 'मैले आफ्नो पुरानो संस्कारलाई बदल्न नसकेको कारणले नै म ६ वर्षसम्म कठिन तपस्या गरी भ्रममा परिरहें । तर बुद्धत्व प्राप्त गर्न सकिन । तर जब मैले आफ्नो पुराना मिथ्यादृष्टि र कुसंस्कारबाट मुक्त हुन सकें, तबमात्र बोधिज्ञान प्राप्त गरि बोध भएँ ।

यो यथार्थ कुरा सुनिसकेपछि पञ्चभद्र वर्गीय भिक्षुहरूले महसुस गर्न थाले– सिद्धार्थ गौतमले पहिला कहिले पनि यस्तो कुरा भन्नुभएको थिएन । अहिले उहाँले नौलो कुरा भन्दै हुनुहुन्छ । यस कुरालाई ध्यानमा राखी हामीले पनि हाम्रा पुराना ब्राह्मण संस्कारलाई त्याग्नु परेको छ ।

यति महसुस गरी उनीहरूले पनि आफ्ना नराम्रा कुसंस्कारहरूलाई त्यागेर बोध भए । बुद्धले भन्नुभएको छ–

सब्बे संखारा अनिच्चाति, यदा पञ्ञाय पस्सति,
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ।

भावार्थः सबै संस्कार अनित्य छ, परिवर्तनशील छ । यस कुरालाई आफ्नो प्रज्ञा र विवेक बुद्धिले बुझ्नसके आफ्नो जीवन शुद्ध र उज्ज्वल हुनेछ । मानिस असल बन्न सक्नेछ ।

बुद्ध शिक्षाअनुसार असल मानिस बन्नको लागि आफ्नो नराम्रो संस्कार बदल्नु अनिवार्य छ । आफ्नो खराब दृष्टि, आचरण र विश्वासलाई ठीक तरिकाले चिनेर त्यसलाई ठीक तरिकाले महसुस गर्न सकेमा मात्र आफूले आफैलाई सुधार्न सक्नेछौं । आफ्नो जिद्दीपना र अहंकार स्वभावलाई त्याग्न नसकेसम्म सुधार्न असम्भव छ ।

मलाई उपकार गरिरहने मेरा तीनजना उपासकहरू छन् । १५,२० वर्ष भइसक्यो उनीहरू मेरो सम्पर्कमा आइरहेको । तर त्यत्रो वर्षसम्म बुद्ध शिक्षा सिकिरहे पनि उनीहरूको जिद्दी स्वभावमा रत्तिभर कम भएको देखिएन । यो उपत्यका बाहिरको कुरा हो ।

अरूको मात्र के कुरा गर्नु, मेरो आफ्नै जिद्दी स्वभावमा ४० प्रतिशत जति त हटेको छैन । संस्कार बदल्ने कुरो भन्न सजिलो छ, प्रयोग गर्न त्यति नै कठिन रहेछ । बुद्धकालीन अरहन्त भन्तेहरूको जीवनी पढ्दा मानिसहरू आफ्नो क्लेशलाई दबाउन सक्ने शक्ति भने देखिन्छ । तर संस्कार बदलेको भने देखिदैन ।

उदाहरणको लागि सारिपुत्र भन्तेमा बालककालदेखि नै भ्यागुतो उफ्रे जस्तै उफ्रेर हिड्ने बानी रहेछ । उहाँ अरहन्त भइसक्नुभएपछि पनि होश गुमेको अवस्थामा उफ्री उफ्री हिँड्ने बानी आइरहँदो रहेछ । होश आइसकेपछि भने आफै हराएर जाँदो रहेछ ।

त्यसरी नै महिलाहरूलाई पुरुष सरह समान व्यवहार गर्ने कार्य महाकाश्यप भन्तेलाई पटक्कै मन पर्दैनथ्यो । त्यसैले महिलाहरूलाई भिक्षुणी बनाउने पक्षमा उहाँ हुनुहुन्नथ्यो । तर आनन्द भन्ते महिलाहरूलाई समान व्यवहार गर्ने पक्षमा हुनुहुन्थ्यो । त्यसैले उहाँ प्रजापति गौतमीलाई भिक्षुणी बनाउने कार्यमा प्रेरणाको स्रोत बन्नुभयो । यही कारणले बुद्ध परिनिर्वाण पछि आनन्द भन्तेलाई काश्यप भन्तेले यसरी दोषारोपण गर्नुभयो– ' महिलाहरूलाई भिक्षुणी बनाउनका लागि यसरी किन दवाव दिएको ?'

एकजना भिक्षुमा अरहन्त भइसक्दा पनि अरूलाई 'ए चण्डाल' भन्दै सम्बोधन गर्ने बानी बारम्बार आइर हन्थ्यो । त्यसैले यस विषयमा बुद्ध समक्ष गुनासो पुगेछ । यो कुरा सुनी बुद्धले भन्नुभयो– 'त्यस भिक्षु अरहन्त

भइसकेको छ । त्यसैले उसको बोली अशुद्ध र नरमाइलो भएपनि मन भने शुद्ध छ। उसको बालकपनदेखिको संगतले गर्दा उसको नराम्रो बोली व्यवहार हुनपुग्यो। तर उसको नराम्रो बोलीलाई ध्यान नदिनु र चित्त नदुखाउनु नै राम्रो हुनेछ ।'

यसरी संस्कारलाई बुझ्न त्यति सजिलो छैन । तर बुद्धकालीन समयमा प्रज्ञावान् व्यक्तिहरूले संस्कार सबै अनित्य छन् भनी बुझ्न सकेपछि दुःखबाट मुक्त भएको देखिन्छ । बुद्ध भन्नुहुन्छ–

यो च पुब्बे पमज्जित्वा पच्छा सो नप्पमज्जति
सो इमं लोकं पभासेति अब्भामुत्तो व चन्दिमा ।

भावार्थः पहिला अज्ञानी भइरहेको व्यक्ति (खराब संस्कार सहितको मानिस) पछि संगत गुणले ज्ञानी हुन्छ, प्रमादी हुँदैन र लापरवाही हुँदैन भने त्यो व्यक्ति जहाँ बस्छ, त्यहाँ उज्वल हुन्छ र शान्त वातावरण हुन्छ ।

अर्को पनि एक उदाहरण लिऔं, अंगुलीमाल पहिला अहिंसक र असल व्यक्ति थियो । तर परिस्थितिवश ऊ खराब साथीहरूको संगतमा परि ज्यानमारा बन्न पुग्यो । यसरी एक अहिंसक, हिंसक बन्न पुग्यो । पछि गौतम बुद्धको संगतमा परि, बुद्धको शुद्ध मैत्री र करूणाको प्रभावले र बुद्धको कोमल सत्यवचनले गर्दा हिंसक अंगुलीमाल बोध भयो । नराम्रो संस्कार बदल्न सकेको कारणले ऊ शुद्ध चित्तसहितको व्यक्ति अरहन्त बन्न पुग्यो । उसको हृदय परिवर्तन भयो । उसले आफैले महसुस गर्न थाल्यो– 'म अविवेकी भएर गुरुपूजाको लालचमा परी अहिंसकबाट हिंसक बनें । पापी बनें । बुद्धले असल मानिस बन्ने शिक्षा दिनुभएको कारण म असल मानिस बन्न सकें । उहाँको मैत्रीपूर्ण वचन सुन्न नपाएको भए मेरो संस्कार नबदलिएको भए म त महापापी हुने थिएँ ।

अर्को एक घटना पनि स्मरणीय छ। यो पनि बुद्धकालीन घटना नै हो । एक महाक्रोधी, अहंकारी र शोषक आलवक नाम गरेको व्यक्ति थियो । ऊ अलउ जनपदको प्रभावशाली र धनाढ्य मुखिया थियो ।

एकपटक बुद्ध धर्मप्रचारार्थ त्यहाँ पुग्नु भएछ । त्यहाँका जनताहरू बुद्धसमक्ष गई प्रार्थना गर्न थाले– ' भो शास्ता, तपाईं करूणाका मूर्ति हुनुहुन्छ । हामीले सुनेका छौं, तपाई खराब मानिसहरूलाई दमन गर्न सक्ने महापुरूष हुनुहुन्छ । हाम्रो जिल्लामा आलवक नाम गरेको एक क्रोधी र घमण्डी राक्षस स्वभावको व्यक्ति रहने गर्छ । तपाईले त्यसलाई असल मानिस बनाई दमन गर्न सके यहाँ शान्तिको वातावरण छाउने थियो ।' ती मानिसहरूको यस्तो कुरा सुनिसकेपछि बुद्धले विचार गर्नुभयो– आलवकको संस्कार र हृदय बदल्न सकिने खालको हो कि होइन ? ऊ असल मानिस बन्ने संस्कार बोकेको व्यक्ति हो कि होइन ?

अनि फेरि बुद्धले विचार गर्नुभयो– 'आलवकको संस्कार बदल्न सकिनेछ । पहिला मैले उसको वचन पालन गर्दै काम गर्नेछु । उसँग मैत्रीपूर्वक कुरा गर्नेछु । अनि उसको ढुंगाजस्तो कडा हृदय अवश्य पग्लिनेछ । त्यसपछि ऊ असल मानिस बन्नेछ ।'

यसरी बुद्धको मैत्रीपूर्ण व्यवहारले क्रोधी आलबक नराम्रो संस्कार बदली असल मानिस बन्न थाले । त्यसपछि आलवक पनि बुद्धको शिक्षा प्रचार कार्यमा लाग्न थाले । फलस्वरूप त्यस प्रान्तमा शान्तिको वातावरण छाउन थाल्यो । बुद्धले भन्नुभएको कुरा सही हुन पुग्यो । पहिला अज्ञानी व्यक्ति असल बनेपछि ऊ जहाँ रहन्छ, त्यस ठाउँ उज्ज्वल हुनेछ ।

मानिस जिद्दी र अहंकारी बन्नु नराम्रो संस्कारले हो । जति विद्वान भएपनि यो जिद्दी स्वभावको संस्कार बाट मुक्त हुन सजिलो भने छैन। यस्तो स्वभावको मानिस कुनै पनि संस्थाको सल्लाहकार भइदियो भने त्यस व्यक्तिले त्यस संस्थाका पदाधिकारीलाई बुँख्याचा जस्तो निरर्थक बनाउन सक्छ । यस्तो व्यक्तिको अगाडि बहुमतले पास गरेको कार्यक्रम कार्यान्वयन गर्न समेत कठिन हुन्छ । उसकै आदेशलाई मात्र सबैले पालना गरिर हनुपर्ने हुन्छ । त्यही जिद्दीवाल व्यक्ति बहुमतले पास गर्ने मिटिङमा अनुपस्थित भइ पारित प्रस्तावको समेत विरोध गर्न सक्छ ।

सकारात्मक अर्थमा पनि संस्कार शब्दको प्रयोग हुन्छ । उदाहरणको लागि एकैपटक दर्जनौं व्यक्ति प्रव्रजित (भिक्षु) हुन्छन् । तर विभिन्न कारणवश केही समयावधिपश्चात् ती दर्जनौ प्रव्रजित भिक्षुहरूमध्ये कतिपयले चीबर त्याग गर्दै गृहस्थी बन्न पुग्छन् । अनि दर्जनौं भिक्षुहरूमा एक दुइजना मात्र बाँकी रहन थाल्छन् । यस्तो अवस्थामा पनि यसरी भन्ने गरिन्छ– राम्रो संस्कार

लिएर आएका रहेछन् । त्यसैले भिक्षु जीवनलाई निरन्तर रूपमा स्थायित्व दिन सकियो ।'

यसरी नै राम्रा र गहकिला कामहरूमा सहयोग पुऱ्याउन सकेमा पनि संस्कार राम्रो भएकोले यो अवस्थामा पुग्न सकियो भनिने गरिन्छ ।

सम्राट अशोक पहिला क्रोधी र जंगली स्वभावका थिए । त्यसैले उसको नाम नै चण्डाशोक रहन गयो पछि एकजना भिक्षुको सही उपदेश सुनी उसको हृदय परि वर्तन भयो । भिक्षुबाट प्राप्त गरेको उपदेश यस्तो थियो– 'सयकडौं मानिसलाई मारेर विजय हासिल गर्नुभन्दा आफ्नो मनलाई जित्न सके ठूलो विजय हासिल हुनेछ ।' संयोग पनि कस्तो थियो भने सम्राट अशोक भर्खर मात्रै कलिंग राज्यलाई तहसनहस पारी हजारौं मानिसलाई मारेर लडाई जितेर फर्केका थिए । लडाईमा रगतको खोलो बगेको देखी मन खिन्न पारी बसेका थिए । त्यही बेला श्रमण निग्रोध भिक्षुले अर्को उपदेश पनि यसरी दिएका थिए– 'महत्वाकांक्षी र प्रमादी व्यक्ति जति उमेर बाँचे पनि ऊ मरेको समान हुनेछ । अप्रमादी र होशियारी व्यक्ति मरे पनि ऊ बाँचिरहे समान हुनेछ ।'

यी सन्देशहरू सुनेपछि चण्डाशोकको संस्कार बदलियो । फलस्वरूप ऊ धर्माशोक बन्नपुग्यो । यसको मतलब अशोक यसपछि प्रजाका संरक्षक बन्न थाले जनहितका कामहरू गरि असल मानिस बन्न सक्षम भई चण्डाशोकबाट धर्माशोक बने । यसरी सम्राट अशोकले आफ्ना खराब र नराम्रा संस्कारहरू त्यागेर राम्रा संस्कार हरूको शुरूवाट गर्न थाले ।

बुद्धको उपदेशलाई बुझि बुद्धलाई प्रशंसा नगर्ने व्यक्ति त कमै होलान् । तर बुद्ध शिक्षा अध्ययन गर्ने पनि आ–आफ्ना नराम्रा संस्कार त्याग गर्न सक्ने मानिसहरू पनि कम नै देखिन्छन् । यो एक अपशोचको कुरो हो ।

त्यसैले होला एकजना त्यागी गुरुमाँ भन्नुहुन्छ– 'बुसें वोगु बानि सिसें तनीका । अर्थात् जन्मदाँ देखि नै लिएर आएको कुसंस्कार मरेपछि मात्र हराउनेछ ।) ■

(साभार- 'असल शिक्षा' भाग-८)

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

दिवंगत
नील मान सिं तुलाधर
टेंगल
जन्म : २००१ पुस १४ गते
दिवंगत : २०७७ असार १३ गते

धर्मकीर्ति मासिक पत्रिकाका विशेष सदस्य **नील मान सिं तुलाधर** दिवंगत हुनुभयो । यस दुःखद् परिस्थितिमा उहाँका जहान परिवारले संसारको यथार्थ नियम (अनित्य, दुःख र अनात्म) लाई बुझि धैर्य धारण गर्न सकुन् । दिवंगत हुनु भएका उपासक नील मान सिं तुलाधर लाई सुगति एवं निर्वाणको हेतु प्राप्त होस् भन्ने कामना गरि पुण्यानुमोदन गर्दछौं ।

धर्मकीर्ति पत्रिका परिवार
धर्मकीर्ति विहार
श्रीघः नःघ, काठमाडौं

मति सप्न्यो भने आयु पनि लम्बिन्छ

✍ धम्मवती

धेरै वर्ष पहिले एउटा गुरू थियो । उसले ज्योतिष-विद्याद्वारा को कतिसम्म बाँच्छ भन्न सक्दथ्यो ।

एकदिन उसले गुरूकुलमा भएका शिष्यहरूमध्ये एकजनाको आयु कर्म ७ दिनमात्रै बाँकि रहेको थाहा पायो । 'केटोले गुरूकुलमै प्राण त्याग गऱ्यो भने अरूले नराम्रो सोच्लान्' भनी उसले केटोलाई बोलाएर भन्यो– "बाबु, तिम्रा आमा बाबुले,'तिमीलाई छिटो घर पठाईदिनुस्' भनी पत्र पठाउनु भएको छ । बिलम्ब नगरी भोलि नै तिमी घर जाउ ।"

भोलिपल्ट बिहानै गुरूको आदेशानुसार केटो घरतिर हिंड्यो । ४ दिनको बाटो काट्न ऊ आफ्नै धुनमा गइरहेको बेला एक ठाउँमा उसले एकजना ऋषिले भुईमा खसिराखेका फलहरू टिपिरहेको देख्यो । केटोले ऋषिलाई सोध्यो-'ऋषिज्यू, रूखमा त्यतिका ताजा फलहरू हुँदाहुँदै तपाई किन भुईमा खसिराखेका फलहरू मात्रै टिपिराख्नु भएको ?'

ऋषिले भन्यो- "म अरूले नदिएको नलिने ऋषि हुँ । रूखले खसालिदिएका फलहरू मात्रै खान्छु, रूखबाटै टिपेर खाँदिन ।'

"त्यसो भए मैले टिपेर तपाईलाई दिएँ भने लिनु हुन्छ ?"

बाबुले नै टिपी दिए जरूर लिन्छु ।"

केटोले रूखमा चढेर फलहरू टिपी ऋषिको डालोभरि राखिदियो । ऋषिले केटोको भलो होस् भनी कामना गऱ्यो ।

भोलिपल्ट ऊ एउटा नदीतिर आइपुग्यो । नदी तर्न राखिएको साँघुरो बाँसको पुल झण्डै जीर्ण भइसकेको थियो । एकजना मानिस डराई-डाराई पुलबाट गइरहेको थियो । ऊ गइसकेपछि केटोले अलि परबाट बाँसहरू ल्याएर पुलको मर्मत गरिदियो ।

तेश्रो दिनमा केटो एक उद्यानमा आइपुग्यो । हरियाली वातावरणमा जङ्गली पशुपन्छीहरू रमाइरहेका थिए । यत्रतत्र छरिएका स-साना तलाउहरूले त्यस ठाउँलाई अझैं सुन्दर बनाइदिएका थिए । उसले एउटा तलाउमा पानी नपुगेर माछाहरू छटपटिरहेका देख्यो । घण्टौं लगाएर उसले ती माछाहरूलाई पानी धेरै भएको तलाउमा लगेर हालिदियो ।

चौथो दिनमा केटो घर पुग्यो । ऊ एक्कासि घर फर्केकोमा उसका आमाबाबुले त्यसको रहस्य सोधे । आफ्ना आमाबाबुले त्यसरी सोधेकोमा छक्क पर्दै उसले उल्टो प्रश्न गऱ्यो-"तपाईहरूले नै मलाई छिटो घर पठाइदिनुस् भनी गुरूलाई पत्र पठाउनु भएको होइन ?

आमाबाबुले छोरा फर्किनाको कारण जे भएता पनि त्यत्रो लामो बाटो हिँडेर आएको छोरोलाई घरमा केही दिन राखेर मात्र फेरि गुरूकुल पठाउने विचार गरे । छोरो घरमा आएकोमा उनीहरू खुशी थिए भने छोराको विद्याध्ययन छुटेकोमा दुःखी पनि ।

१७ दिनसम्म आमाबाबुको सेवा गरेर केटो फेरि गुरूकूलतिर लाग्यो । त्यहाँ पुगेर उसले गुरूलाई नमस्कार गऱ्यो । आफ्नो विद्यानुसार ७ दिनपछि मर्नुपर्ने शिष्य १७ दिनपछि पहिले भन्दा मोटाघाटा भएर उभिरहेको देख्दा उसले केही बुझ्न सकेन । केही क्षण टोल्हाइसकेपछि यथार्थ कुरो बुझ्न उसले शिष्यलाई भएको सबै वृतान्त' सुनाउनु भयो ।

केटोले आफु घर गएको बेला बाटोमा 'ऋषिलाई रूखबाट फलहरू टिपी दिएको, बिग्रेको पुल मरम्मत गरिदिएको र पानी नपुगेर छटपटिरहेका माछाहरूलाई पानी धेरै भएको तलाउमा लगेर राखिदिएको, आमा बाबुको सेवा गरेको' लगायत आफू घर फर्केकोले आमाबाबु छक्क परेको कुरा समेत गुरूलाई सुनायो । गुरूले कर्म कमजोर भईराख्नेले पुण्य-कर्म गरेर फेरि कर्म बलियो पारेको कुरा जान्यो, उसको आयु लम्बिनाको रहस्य बुझ्यो ।

अब मानिसहरूको मृत्यु कति प्रकारबाट हुन सक्छ भन्ने कुरा एकचोटि जानौं ।

मानिसहरूको मृत्यु ४ प्रकारबाट हुन सक्छन् -आयु सिद्धिएर, कर्म सिद्धिएर, आयु र कर्म दुबै सिद्धिएर, र अकालले । बलिरहेका तेलको दियोलाई उपमास्वरूप लिन सकिन्छ । बलिरहेका तेलको दियोमा बत्ति मात्रै सिद्धिएर पनि निभ्न सक्दछ र तेल दुबै सकिएर पनि दियो निभ्न सक्दछ र बत्ति र तेल दुबै भैकन पनि हावाले गरेर वा अरू केही बस्तु त्यसमा परेर निभ्न सक्दछ ।

प्रस्तुत कथामा तेल सकिएर निभ्न लागेको दियोमा फेरि तेल थपेर निभ्न नदिए जस्तै पुण्य-कर्मले आयु कर्म लम्बाइदियो । ■

चुल्लसेट्ठि जातक

✍ **प्रकाश बज्राचार्य**

मरेको मुसा ! बाटोको बीचमा फालिराखेको मरेको मुसालाई कसैले वास्ता गरेन । वास्ता गर्ने फुर्सत पनि थिएन कसैसँग । कसले वास्ता गर्ला एउटा मुसालाई, त्यो पनि मेरको ? तैपनि त्यो मान्छे एकजना गजबकै रहेछ । कति बेरसम्म घुरेर हेरिराख्यो उनले– त्यो मरेको मुसालाई । मरेको मुसालाई हेर्दै आफै भुनभुन कराएर ल्यायो–"यो मरेको मुसा किन कसैले नलिएको होला ? बिना मतलबको कामै नलाग्ने भनेको के हुनसक्छ र ? यो मरेको मुसा पनि काम लाग्न सक्छ । मेहनत र बुद्धि हुने भए यस मरेको मुसालाई पनि काममा लिएर पैसा कमाउन सकिन्छ । किन कसैले यसलाई नलगेको होला !

मानिसहरूले मुसालाई मात्र वास्ता नगरेको होइन, त्यसरी मसिनो स्वरले कराइराख्नेलाई पनि वास्ता गरेन । सबैले पागल पो हो कि भन्ठानेर आफ्नो बाटो तताए । ऊनिरै भोकाएको जस्तो देखिने एकजना गरिब मान्छे ठिंग उभेर उसलाई हेरिरहेको थियो । उसलाई राम्ररी हेरेपछि चिनीपनि हाले । बाराणशीको सेठ चुल्लसेट्ठि पो रहेछ ।

त्यत्रो ठूलो सेठले भनेको कुरा राम्रै होला– विचार गऱ्यो त्यस गरिबले । अनि बिस्तारै गएर त्यो मरेको मुसाको पुच्छर समाती उचालेर हेऱ्यो ।

"के यस मरेको मुसा एउटाले पैसा कमाउन सकिएला मैले ? त्यस सेठले नभएको कुरा त गरेको हैन होला । हेरुँला मेरो भाग्य पनि ।" यस्तो मनमा राखी त्यो गरीब मान्छेले हातमा मरेको मुसालाई लिई हिंडे ।

तीनवटा जति गल्ली पार गरिसकेपछि एउटा पसलमा बाँधिराखेको एउटा बिरालोको आँखा त्यस मुसामाथि पऱ्यो । बिरालो "म्याउ, म्याउ" कराउँदै उफ्रिन थाल्यो । अनि बिरालोको मालिकले बिरालोलाई भनेर त्यो मुसा एक दाम (चार दाम = १ पैसा) ले किन्यो ।

एक दामको सक्खर किन्यो त्यसले । त्यसबाट सक्खरको झोल बनायो । अनि जंगलमा फूल टिप्न आउनेहरूलाई सक्खरको झोल पिलाउने गऱ्यो । सक्खरको झोल पिएर जानेहरूले पनि उनलाई एक-एक मुट्ठा फूल दिएर जाने गर्थे । फूल बेचेर सक्खर किन्थ्यो, सक्खरको झोल पिलाउँथ्यो, फूल लिएर, फेरि बेच्थ्यो । यसरी नै उनले आठ कार्षापण (त्यसबेलाको पैसा) कमायो ।

एकदिन बेस्सरी हावा चल्यो । रूखका हाँगा र पातहरू खसेर राजा को बगैंचा फोहोर भयो । सफा गर्नु परेर दिक्क भइराख्ने बगैंचाको मालीलाई त्यस गरीबले "यो बगैंचा सफा गरिदिनेछु, मलाई केही पैसा ज्यालाको रूपमा दिनुहोस्" भने । मालीले "हुन्छ" भनेपछि उनले सँगै खेलीराख्ने एक बथान केटाकेटीहरूलाई सक्खरको झोल पिलाई ती सबै पातहरू, हाँगाहरू टिप्न लगाए । उसको भाग्य ! बाल्नको लागि काठ खोजिराख्ने राजाको कुम्हाले दाजुलाई उनले भेटे । उनलाई ती रूखका हाँगा र पातहरू बेची उनले छः आना कार्षापण खल्तीमा हाले । त्यही पैसाले उनले एउटा काम शुरु गरे - बटुवाहरूलाई पानी ख्वाउने । यसैबाट धेरै बटुवा तथा ब्यापारीहरू उनका साथी बने ।

ब्यापारीहरूबाट एकदिन उनले पाँच शय घोडाहरू लिएर एउटा ब्यापारी त्यस नगरमा आउने कुरा थाहा पायो । अनि एउटा जुक्ति लगायो उनले । उसकहाँ पानी खान आउने घाँस बेच्नेहरू सबैसँग एक-एक मुट्ठा घाँस लिई "दुई तीनसम्म तपाइँहरूले घाँस नबेचिदिनुहोस् मेरो निम्ति" भनेर हात जोड्यो । जहिले पनि सित्तै पानी खाइराख्ने घाँस बेच्नेहरूले 'नाइँ' भन्न सकेनन् ।

ब्यापारी आइपुग्यो । उनले आफ्ना पाँच शय घोडाहरूलाई ख्वाउन घाँस खोज्न सकेन । यही मौका छोपी त्यस गरीब मान्छेले हजार रूपियाँ लिई उनका घोडाहरूलाई घाँस खुवायो ।

(क्रमशः पेज २४ मा हेर्नुहोला)

Bhante Gyanapurnika cherished memory of the most venerable monk of Nepal

Dr. Suwarn Vajracharya★

Bhante Gyanapurnika, the most respected Seven Sanghanayaka Bhikkhu in Nepal of today passed away on Friday July3, 2020 (Dilla 12, NS 1140) leaving his cherished memories with his followers both in Nepal and abroad. Bhante Gyanapurnika became the Sanghanayaka of Nepal, the most prominent official rank among the Theravada Buddhist monks in Nepal succeeding Bhante Assaghosa, the 6thSanghanayaka who passed away in April last year. He was conferred this eminent position of Sanghanayaka in May last year (2019). The position is equal to the Mahanayaka monk of Sri Lanka, Sangharaja of Thailand in Buddhist faith, and Archbishop of Canterbury in Christianity. He was the 7th monk conferred such a highest rank in the history of Theravada tradition in Nepal though the country has a longer history of Buddhism over the past 2.5 millennia. Bhante Gyanapurnika was the most senior monk not by age but by the period of his practice as a Buddhist monk after his entry into the life of celibacy. He was the most respected monk by both his peer monks and nuns, and the Buddhist laity. He was a multilingual orator, who preached Buddhism in several languages. He was well respected not only by Nepal Bhasa and Khas Bhasa speaking followers in Nepal but also by his foreign followers outside Nepal. He periodically visited to Malaysia and Singapore to conduct meditation and to teach Buddhism. It was a great honor to have accompanied him to several such programs, which leave with me his cherished memory. He was a revered preacher and a self-disciplined practitioner of Buddha's teachings and meditation. He guided his followers and contributed towards the progress of people's way of life for the past six decades. I have not met anyone of his peers, who could preach the Buddhadhamma in English so fluently. He was the sole Nepalese Buddhist monk so popular in Malaysia and Singapore. But I later realized that he was better known as a writer. He has published several works on Buddhist philosophy as taught by the Buddha. But today, His Eminent Bhante Gyanapurnika is no more among us. He leaves his cherished memories with his followers at home and abroad. Born to a Sakya family in Taksar, PalpaTansen, southern plain of Nepal near Lumbini in

★ Dr. Vajracharyachairs Nepal Study Center Japan, a center for Japan–Nepal studies. He received his Ph.D. in International Public Policy at the University of Tsukuba, Japan. He has conducted several research papers on language politics and state policies in Nepal, Sri Lanka, Malaysia and Singapore for the past four decades. As a trained teacher in TESOL, he has taught English at several universities in Japan for the past thirty years. As a translator and interpreter, he has translated several policy related documents into English. He periodically writes on language, culture and policy to newspapers in Nepal and Japan.

1939,he was named Hiralal. He left home to become a Buddhist monk at an early age.Bhante Gyanapurnika received his higher education on Buddhism and its philosophy in Burma now Myanmar. He was the first author who penned down the first work on the relations between Nepal and Burma in 1971 as he began to write books on Buddhism no sooner he returned to Nepal from Burma in 1969. His first contribution to Buddhist literature began with Payasi Sutta, a discourse that describes the teachings of the Buddha on Karma, rebirth, and proper giving to worthy ones such as monks. Since this work published in 1969, he has so far published 42 books, half them were rendered from Pali Bhasa to Nepal Bhasa. Bhante Gyanapurnika was also the first monk to have received"Shrestha Award" for his contribution to Nepal Bhasa literature. He was conferred the award for his translation of "Beloved Daughter" from Burmese to Nepal Bhasa in 1970. The award-winning work related a story of a young Nepalese nun who took refuge in the Buddha's teaching under a prominent Buddhist monk in then Burma. The nun is no one but the most respected nun – Bhikkhuni Dhammavati, who practices and teaches Buddhism at DharmakeertiVihara, Naghal, Kathmandu today. Bhante Gyanapurnika's writeup of her life story attracted an unprecedented mass of housewives, to learning the Buddha's teachings in Nepal since then. His collaboration with the Bhikkhuni Dhammavati "Guruman" – mother teacher, a respected term for Bhikkhunis in Nepal, a well facilitated meditation center at Sankhamula area in Kathmandu. The center today attracts hundreds of seekers of peace in the teachings of the Buddha for meditation at this center.

BhanteGyanapurnika has received many honorary awards and degrees for his contribution to the promotion of peace taught by the Buddha. A title of Aggamaha Pandita (Supreme scholar of Buddhism) was conferred on him by the Bhikkhu Council of Myanmar and Dhammachariya (Honorary doctorate) in Buddhism by the University of Myanmar sometimes ago. Among many important events of his life as a monk, his 50^{th} anniversary to monkhood was celebrated at the National conference hall in Kathmandu attended by the first President of Nepal, Dr. Ram Baran Yadav (2008 – 2015).

He also served Dharmodaya Sabha, the first and foremost federation of Buddhist Associations of Nepal as its president from 2011 to 2014.Having completed his term of presidency of Dharmodaya Sabha, he continued to be its chief preceptor to advice the national federation of Buddhists in Nepal. Not to mention his lifelong service to the people in around the Vishva Shanti Vihara, which he founded and where he and hundreds of his disciples reside practicing the teachings of the Buddha. He has always guided those who come to him seeking his help for a peaceful way of life. He has continued this socio-religious service up to the last minutes before he fell ill. Today, I am one of many who miss him and his blessings.

His memorial was held at Vishva Shanti Vihara, Nayanbanesvar from 12:30 and cremation followed at 14:00 on Sunday July 5^{th} 2020 – the full moon day - the Gurupurnima, attended by hundreds of Buddhist monks, nuns and laity wishing His Eminent the most venerable Sanghanayaka Bhante Gyanapurnika rest in peace. May he attain to bliss of Nibbana!

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो



बूगु दिं :
२००१ पुस १४ गते

मदुगु दिं :
२०७७ असार १३ गते

दिवंगत नील मान सिं तुलाधर, टेंगल

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खल:या दुज:
पूर्ण हिरा तुलाधरया जहान
नील मान सिं तुलाधर, दिवंगत जुयादिल ।
थुगु दुखं क:गु इलय् परिवारं
संसारया अनित्य, दु:ख व अनात्म स्वभावयात
थ्वीका: धैर्य धारण याय्फय्मा । मदुम्ह
उपासकया सुगति व निर्वाण कामना यासे
पुण्यानुमोदन याना ।

धर्मकीर्ति बौद्ध ज्ञानमाला, भजन खल:
धर्मकीर्ति विहार

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो

बुगु दिं :
ने.सं. १०६० दिल्लागा तृतीया
(१९८८ श्रावण ९)

मदुगु दिं :
ने.सं. ११३९ यँलाथ्व दुतिया
(२०७६ भाद्र १५)

दिवंगत जहान बुद्धसिद्धि तुलाधर

अनन्त गुण दुह्म जिमि श्रद्धेय जहान **बुद्धसिद्धि तुलाधर** ८८ दंया वैशय् आकाभ्काकां दिवंगत जुयादिल । मुदुह्म जहानया गुणानुस्मरण यासे वय्कःयात सुगति व निर्वाणया हेतु याकन हे चूलाय्मा धकाः पुण्यानुमोदन यानाच्वना ।

जहान तारादेवी तुलाधर
नयाँबजार, बहती, यें

काय्पिं – भौपिं :

अमरसिद्धि – मेरी तुलाधर
पवित्रसिद्धि – निर्मला तुलाधर
सुगतसिद्धि – दीक्षा तुलाधर

म्ह्याय्पिं : – जिलाजंपिं :

रूपकमल – कल्याण मुनि स्थापित
नवीनतारा – अमूल्यरत्न स्थापित
प्रमिला – मणिरत्न सिन्दुराकार
अनिता – पुण्यरत्न तुलाधर

काय् छय्पिं :

सुधनसिद्धि तुलाधर
सफलसिद्धि तुलाधर
कुशलसिद्धि तुलाधर
सम्यकसिद्धि तुलाधर
अलिन्दा तुलाधर

म्ह्याय् छय्पिं : – छय् जिलाजंपिं व छय् भौपिं :

संजिव स्थापित
सविन – अञ्जलि स्थापित
श्रीति – रविन तुलाधर
श्रीमिता – अनिश चिपालु
मनिषा – पुष्प ताम्राकार
चाँदनी तुलाधर, प्रणव तुलाधर
पुष्पराज सिन्दुराकार, अस्मिता तुलाधर

छुइपिं :

श्रीविशा, सव्रिना, अनोरा, रियान, प्रनिस, आभिशा, अभिष

धर्मकीर्ति विहार

गतिविधि

भिक्षुणी धम्मवती ८७ औं शुभ जन्मोत्त्सव सम्पन्न



२०७७ असार १६ गते देखि २३ गते सम्म
धर्मकीर्ति विहार, धम्महल ।

धर्मकीर्ति विहारका संस्थापिका, शासन धज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित, भिक्षुणी धम्मवती गुरूमांको ८७ औं जन्मोत्सबको शुभ उपलक्ष्यमा धर्मकीर्ति विहारले उहाँको सुस्वास्थ्य एवं निरोगी कामना गरी असार १६ देखी २३ सम्म विविध कार्यक्रम सञ्चालत गरिएको छ ।

१. भिक्षु महासंघवाट साप्ताहिक अभिधर्मपाठ र धर्मदेशना



१) "धम्मसङ्गिनी" पाठ गर्नुहुँदै भिक्षु संघ



२) "विभङ्ग" पाठ गर्नुहुँदै भिक्षु संघ

मिति २०७७ असार १६ देखि २२ सम्म भिक्षु महासंघबाट भिक्षुणी धम्मवती गुरूमांको आयु आरोग्य एवं दीर्घायु कामना गर्नुहुँदै अभिधर्म पिटकका ७ वटा ग्रन्थहरू पाठ गर्नुका साथै धर्म देशना गरिएको थियो।



३) "कथावत्थु" पाठ गर्नुहुँदै भिक्षु संघ



४) "पुग्गल पञ्ञति" पाठ गर्नुहुँदै भिक्षु संघ



५) "धातु कथा" पाठ गर्नुहुँदै भिक्षु संघ

६) *"यमक" पाठ गर्नुहुँदै भिक्षु संघ*

"पट्ठान" पाठ गर्नुहुँदै भिक्षु संघ

२. महायानी गुरूहरूबाट मंगलपाठ

२०७७ असार २३ गते महायानी गुरूहरूबाट भिक्षुणी धम्मवती गुरूमांको सुस्वास्थ्य एवं मंगल कामना गरी मंगल पाठ गर्नुभएका थिए । असार २० गते शनिवार कार्यक्रममा पूर्व मन्त्री एवं सभासद कृष्ण गोपाल श्रेष्ठबाट भिक्षुणी धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुहुँदै मन्तब्य व्यक्त गर्नुभएको थियो । यसरी नै उहाँले प्रधान मन्त्री के.पि. शर्मा ओली ले भिक्षुणी धम्मवतीको सुस्वास्थ्य कामना गरि पठाउनुभएको शुभकामना सन्देश पनि सुनाउनु भएको थियो । कार्यक्रममा प्रधान मन्त्री के.पि. शर्माका श्रीमती राधिका शाक्यले भिक्षुणी धम्मवती गुरूमांको सुस्वास्थ्य कामना गर्नुहुँदै दान प्रदान गर्नु भएको थियो

"मंगल" पाठ गर्नुहुँदै महायानी गुरुहरू

नेपालका प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले धम्मवती गुरुमांलाई सुस्वास्थ्य कामना गर्नुहुँदै पठाउनु भएको शुभकामना सन्देश सुनाउनु हुँदै पूर्व मन्त्री कृष्ण गोपाल श्रेष्ठ, साथमा राधिका श्रेष्ठ

दानप्रदान –

यस साप्ताहिक कार्यक्रममा उपस्थित हुनुभई धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुहुने सम्पूर्ण भन्ते गुरूमांहरू र महायानी गुरूहरूलाई धम्मवती गुरूमांले दान प्रदान गर्नुभएको थियो। यसको साथै धर्मकीर्ति विहारका अन्य गुरूमांहरू लगायत उपासकोपासिकाहरूले पनि उहाँहरूलाई दान प्रदान गरि पुण्य सञ्चय गर्नुभएका थिए। यसरी नै धर्मकीर्ति संरक्षण कोषका पदाधिकारीहरूबाट पनि धम्मवती गुरूमांलाई दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए।

साप्ताहिक अभिधर्म पाठ, धर्मदेशना र जलपान एवं भोजन दान गर्नुहुने दाताहरूको विवरण

क्र. सं.	वि.सं. २०७७ साल असार	पाठ	धर्मदेशना गर्नुहुने भन्तेहरू	जलपान दाताहरू	भोजन दाताहरू
१.	१६ गते मंगलवार	धम्म सङ्गिनी	भिक्षु बोधिज्ञान	कर्णदेबी पुचः धर्मकीर्ति विहार	ललिता कंसाकार सपरिवार कालिमाटी
२.	१७ गते बुधबार	विभङ्ग	भिक्षु धर्ममूर्ति	सुमना, कालधारा	ततापुचः ध.की. विहार
३.	१८ गते बिहिबार	कथावस्तु	भिक्षु पियदस्सी	अनीता, चःमति	राजेश, शोभा श्रेष्ठ सीतापाइला
४.	१९ गते शुक्रवार	पुग्गलपञ्ञति	भिक्षु कौण्डञ्ञ	चमेली गुरूमां ध.की. विहार	पुलां पुचः ध.की. विहार
५.	२० गते शनिवार	धातुकथा	सयादो उ सुजन पिय	तुलसी महर्जन	क्यहेँ पुचः ध.की. विहार
६.	२१ गते आईतबार	यमक	भिक्षु पञ्ञासार	रवि तुलाधर	पूर्णहेरा पुचः ध.की. विहार
७.	२२ गते सोमबार	पट्ठान	भिक्षु निग्रोध	सुवण्णवती गुरूमां सुचिता, सुजाता	कीर्ति मैंया पुचः ध.की.विहार
८.	२३ गते मंगलबार	मंगलपाठ	महायानी गुरुहरू	अनोजा गुरूमां सुलक्षण किर्ति विहार पूर्ण वज्राचार्य बालाजु	दुतिया पुचः ध.की. विहार

यस साप्ताहिक अभिधर्म पाठ कार्यक्रममा बिचमा जलपान दान गर्ने दाताहरू यसरी हुनुहुन्छ –
१. निर्वाण मूर्ति किडोल विहार, २. पद्मकीर्ति विहार कमल पोखरी, ३. बसुन्धरा विहार बसुन्धरा।

साप्ताहिक अभिधर्म पाठको कार्यक्रममा अभिधर्म पाठ गर्नुहुँदै धम्मवती गुरुमां

पूज्य धम्मवती गुरूमांया ८७ दँ या जन्मोत्सब ज्याङ्वले गुहालीब्यूपिं सकसितं गुरूमांपाखें बियाबिज्याःगु साधुवाद व सुभाय् न्वचु –

भगवान् बुद्धं भ्मीत थाय् स्वयाः ई ब्यो स्वयाः ज्या याय् सय्क्यमाः धकाः धयाबिज्याःगु दु । थुकीयात थानाथान कोसल ज्ञान धाई ।

भगवान् बुद्धं बियाबिज्याःगु थ्व अमूल्य ज्ञानयात पालन यासे थौं कोरोना भाईरस थें ग्यानापुगु महामारी संसारे फैलेजूगु कारणं जिं छिकपिन्त विहारे भ्मायमते छ्यँ हे च्वनाः बोधि टि.भि. व धर्मकीर्ति फेसबुक पेजय् प्रसार यानाच्वंगु धर्मदेशना न्यनाः स्वयाःमन याउँका दिसँ धकाः हालाच्वना । न्हापा न्हापा जूसा छिकपिन्त विहारे भ्मासँ पुण्य याय् सय्कादिसँ धकाः योसां मयोसां हालाच्वनेगु ।

थुजोगु नं अवस्था वईतिनी खनी धकाः भ्मी सकसिनं कल्पना हे यानागु मदु । तर थौं भ्मीसं थ्व अवस्था भोगय् यानाच्वने माल । अभ्म मसीतले छु छु समस्यात भोगय् याय मालीतिनी मस्यु ।

छिकपिं विहारे वय् मखंसां छ्यँ छ्यँ च्वनानं धर्म देशना व अभिधर्म पाठ न्यनेगु मौका चूलाका ब्यूपिं गुहालीमिपिन्त यक्को यक्को साधुवाद दु । अभ्म थुगु ज्याभ्वः प्रसार यायगु लागि माःगु खर्च ब्यहोरे यानाः आर्थिक सहयोग बियाः गुहाली यानादीपिं दातापिन्त यक्को सुभाय व साधुवाद दु । थ्व नं छगू धर्मदान हे खः ।

“सब्ब दानं धम्मदानं जिनाति” धयागु बुद्ध वचनयात शिरोपर यानाच्वना धकाः लय्ताया दिसँ ।

थौं विशेष लुमंके बहःपिं दातापिनिगु नां छको लुमंक्यत्यना –

जितः बुद्ध शासनय् दान बियाः नं थुगु धर्मकीर्ति विहार दनेगु लागि जग्गा दान बियाः निकू कोठा दय्काः दान याना बिज्याःपिं जिमि बाः हर्षमान शाक्य व मां हेराथकुं शाक्य खः । अथेहें थुगु विहार दनेगु लागि न्हापा गुहाली यानादीपिं पुलांपिं दातापिं थुकथं दु ।

लक्ष्मी प्रभा साहुनी, केशरी साहुनी, दानलक्ष्मी साहुनी, हेराकाजी दाई, सानु साहु, हेरादेबी पीत, दिलतता व भीम बहादुर दाई आदि सहित थुगु विहारया पुलांगु

भवन दयक्यत थम्हं फुफुकथं गुहाली याना: स्वर्गवास जुयादी धुंकुपिं सकल दातापिं सुगती लाय्मा धका: कामना यानाच्वना ।

अथेहे थुगु विहारया उन्नति व उत्थानया लागि आपालं गुहाली याना: स्वर्गवास जुया बिज्या:पिं श्रद्धेय अश्वघोष भन्ते, दोगुणवती गुरूमां, रत्नमञ्जरी गुरूमां, संघवती, ज्ञानपूर्णिक भन्ते, सुदर्शन भन्ते, सहित सकस्यां उद्धार ज्वीमा, सुगती प्राप्त ज्वीमा धका: कामना याना ।

अथेहे विहार न्हूकथं पुन: निर्माण यानानं जित: वास: खर्चया लागि मा:गु गुहाली बियाच्वनादीम्ह दाता द्रब्यमान सिं बसुन्धरा तुलाधरं व वास: खर्चया लागि मा:गु गुहाली बियादीपिं नेपालया वर्तमान प्रधानमन्त्री श्री के.पी. शर्मा ओली । वास: दान याना: मा:गु सेवा यानाच्वंपिं जि चेलीपिं लगायत मेमेपिं गुलिनं श्रद्धावान् दातापिं दु, वय्क:पिं सकसितं थुगु महान अभिधर्म पाठ याना: मुंकागु पुण्यया प्रभावं आयु आरोग्य ज्वीमा धका: कामना याना ।

अथेहे, अभिधर्म कोष स्थापना याना: थुगु ज्याभ्व: न्ह्याबलें न्हयाकाच्वनेगु लागि कोषय् चन्दा तया: गुहाली यानादीपिं सकल दातापिन्त नं यक्को यक्को साधुवाद बिसे आयु आरोग्य कामना याना । ❀

ज्ञानया म्ये

✍ अमृतमान शाक्य भिक्षु

द्यो पूज्याना: जक ज्वीमखु धर्म
सेवा हे ख: त:धंगु धर्म
वथें उपकार छु दै जगतय्
बरू बुद्ध लुमंका: तय्गु नुगलय्

मैत्री करूणा व समता भाव
खयाच्वनी शान्तिया शीतल भाव
चित्तया शुद्धतां स्थीर मनय्
बुद्धया महिमा नुगलं थुइका:
पालन याय्माल शील नियम धका:
वयाथें वने मानिगु थ्व अनित्य शरीर
मालाच्वन भगवान् बुद्धया धर्मया सार

बुद्ध, धर्म व संघ लुमंका:
गुलि च्वनी ध्यानय् अनित्य लुमंका:
वहे पुण्यया फलं दै सकतां हे
स्वर्गया भाव खनी थन हे ।

बुद्धहरूको मूल शिक्षा

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा;
सचित्त परियोदपनं एतं बुद्धान सासनं"

अर्थ- **"कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।"**

Not To Do Evil, To Cultivate Merit, To Purify One's Own Mind.

भावार्थ- **"पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन । मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ ।"**

धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

क्र.सं. ८९७

अंगुर ताम्राकार
कुसुम वियालाक्षी, काठमाडौं
रु. २५००/–

क्र.सं. ८९८

एलिस्का ताम्राकार
टंगल, काठमाडौं
रु. २५००/–

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित
नेपाल बौद्ध परियत्ति शिक्षा २०७६ सालको परीक्षा नतिजा

धर्मकीर्ति विहार केन्द्र –

परिक्षामा उत्तीर्ण हुन सफल विद्यार्थीहरूको नामावली–

क्र. सं.	पञ्जिका नं	नाम,थर	कक्षा	श्रेणी
१.	९१८४	दीना शोभा बनिया कंसाकार	१०	द्वितीय
२.	१३९६४	दुर्गा देवी मानन्धर	८	द्वितीय
३.	२४२९१	श्रीजना वज्राचार्य	७	प्रथम
४.	२६५१२	समुद्र देबी ताम्राकार	७	प्रथम
५.	३९७७८	शान्ति शाक्य	६	डिस्टिकशन
६.	२४७८४	सरिता शिखाकार	६	प्रथम
७.	३०५९५	तारा महर्जन	६	प्रथम
८.	२४३०४	सबिना शाक्य	६	द्वितीय
९.	३५३६८	मतिना माननधर	६	द्वितीय
१०.	२२८९६	नानी केशरी वज्राचार्य	६	द्वितीय
११.	२४७८३	करूणा कंसाकार	६	तृतीय
१२.	२१२९०	लक्ष्मी सुन्दरी शाक्य	६	तृतीय
१३.	३०६०२	सुमी शाक्य	५	डिस्टिंक्सन
१४.	३५२६७	दया लक्ष्मी शाक्य	५	डिस्टिक्सन
१५.	३३३४४	सम्झना शाक्य	४	डिस्टिक्सन
१६.	३७७१९	कल्पना शाक्य	४	डिस्टिक्सन
१७.	३९७५७	जयन्ति तुलाधर	४	प्रथम
१८.	३३३३१	तारा केशरी राजभण्डारी	४	प्रथम
१९.	३०५७६	स्मृति शाक्य	४	प्रथम
२०.	३०५४६	सोनु वज्राचार्य	४	प्रथम
२१.	३०५६२	रश्मि शोभा तुलाधर	४	प्रथम
२२.	३०५६५	अंकिता महर्जन	४	द्वितीय
२३.	३०५६१	नन्द लक्ष्मी तुलाधर४	४	द्वितीय
२४.	३३३११	कुशलावती अनागारिक	३	डिस्टिक्सन
२५.	३३३१२	कुशुमावती, अनागारिका	३	डिस्टिक्सन
२६.	३३३३३	सोनी श्रेष्ठ	३	प्रथम
२७.	३३३१७	आर्या वज्राचार्य	३	द्वितीय
२८.	३३३३६	अनार शोभा कंसाकार	३	द्वितीय
२९.	३५२६६	श्रृष्टि वज्राचार्य	३	द्वितीय
३०.	३०५५५	समिरा श्रेष्ठ	३	द्वितीय
३१.	३३३२९.	मैंया महर्जन	३	द्वितीय
३२.	३०५८७	बिजिता खत्री	३	तृतीय
३३.	३३३३७	मीम देबी शाक्य	३	तृतीय
३४.	३३३३२	सीता महर्जन	३	तृतीय
३५.	३३३३४	रियान महर्जन	३	तृतीय
३६.	३५२५२	लक्ष्मी शाही	२	डिस्टिक्सन
३७.	३५२४८	कमल केशरी तुलाधर	२	प्रथम
३८.	३५२४९	अनिला कंसाकार	२	प्रथम
३९.	३५२२७	कुशल खड्का	२	प्रथम
४०.	३५५६२	प्रेमा मानन्धर	२	प्रथम
४१.	३५२४१	सुश्रुषा महर्जन	२	प्रथम
४२.	३५५५७	मलिना शाक्य	२	प्रथम
४३.	३५२२४	आषमा खातुन	२	प्रथम
४४.	३५८४१	सिजु तुलाधर	२	प्रथम
४५.	२६५२७	कविता महर्जन	२	प्रथम
४६.	३९१७२	अलिजा श्रेष्ठ	२	द्वितीय
४७.	३५२२२	रेशमा खातुन	२	द्वितीय
४८.	३५२२३	जिनत खातुन	२	द्वितीय
४९.	३५२५९	निभा प्रजापति	२	द्वितीय
५०.	३६२६४	शिक्षा महर्जन	२	द्वितीय
५१.	३१२१७	अञ्जना जोशी	२	द्वितीय
५२.	३५२३७	शैली ताम्राकार	२	द्वितीय
५३.	३५२६२	नानी शोभा महर्जन	२	द्वितीय
५४.	३५२३८	सरू तुलाधर	२	द्वितीय

५५.	३५२२५	रजिया खातुन	२	द्वितीय
५६.	३५२५५	लक्ष्मी महर्जन	२	द्वितीय
५७.	३५२५४	सारदा शर्मा	२	द्वितीय
५८.	२६५२६	रकिना महर्जन	२	तृतीय
५९.	३५२६०	सचित महर्जन	२	तृतीय
६०.	३५२५८	नेक्सस महर्जन	२	तृतीय
६१.	३५२४५	दीपिका डि.सि.	२	तृतीय
६२.	३६२६५	सुदिक्षा महर्जन	२	तृतीय
६३.	३७३२३	चुनु शोभा वज्राचार्य	१	डिस्टिक्सन
६४.	३७३१८	इच्छा शाक्य	१	डिस्टिक्सन
६५.	३७३२१	सलिना महर्जन	१	डिस्टिक्सन
६६.	३७३१४	सारिका वज्राचार्य	१	डिस्टिक्सन
६७.	३७३२२	सनिशा महर्जन	१	डिस्टिक्सन
६८.	३७३१७	इन्दिरा देबी शाक्य	१	डिस्टिक्सन
६९.	३७३१५	कुशल राज डंगोल	१	डिस्टिक्सन
७०.	३७३२४	प्रतिष्ठा महर्जन	१	डिस्टिक्सन
७१.	३७३१६	रजनी वज्राचार्य	१	डिस्टिक्सन
७२.	३७३१९	निकिना महर्जन	१	डिस्टिक्सन
७३.	३७३१०	सुष्मिता माझी	१	डिस्टिक्सन
७४.	३७३०६	विभान राज मिश्र	१	डिस्टिक्सन
७५.	३७३२०	एन्जल प्याकुरेल	१	प्रथम
७६.	३७३१२	करूणा खड्का	१	प्रथम
७७.	३७३०८	करिष्मा थामी	१	प्रथम
७८.	३७३०४	रामदेवी महर्जन	१	प्रथम
७९.	३७३२५	सनिष्मा महर्जन	१	प्रथम
८०.	३७३०५	दानमाया महर्जन	१	द्वितीय
८१.	३७३०७	स्मृति शाक्य	१	द्वितीय
८२.	३७३११	अन्जना तामाङ्ग	१	द्वितीय
८३.	३७३०२	रूकशर खातुन	१	द्वितीय
८४.	३७३०३	समीर महर्जन	१	तृतीय
८५.	३७७२०	श्रीयानी कंसाकार	१	तृतीय

चुल्लसेट्ठि जातकको बाँकी अंश ... ...

केही दिनपछि एउटा ठूलो जहाज सामान लिएर आइपुगेको कुरा त्यस गरीबले थाहा पायो। अनि भाडामा लिएको रथमा बसि, राम्रो लुगा लगाई महाजन जस्तो गरी गएर त्यस जहाजको नाविकलाई एउटा औंठी पेश्की दिएर जहाजको सामान सबै आफूले किनेर लिने पक्का गऱ्यो। सामान भएको जहाज आइपुगेको कुरा सुनेर बाराणशीका अरू ब्यापारीहरू त्यहाँ आए, तर पहिला नै त्यस गरीब मान्छेले पेश्की दिई राखिसकेकोले कसैले केही लिन पाएन। अनि उनीहरू सबै, शयजना बाराणशीका महाजनहरू, त्यस गरीबकहाँ गई हरेकले दुई-दुई हजार रूपियाँ तिरी ती सामानमा हिस्सा किनी लिए। यसरी त्यस गरीबले दुई लाख रूपियाँ फाइदा गरे– ऊ गरीब भएन, लखपति भयो।

आफ्नो मेहनत र बुद्धिले मरेको मुसालाई काममा लिई लखपति हुने त्यो मान्छे कृतघ्न थिएन। त्यसैले ऊ सेठ चुल्लसेट्ठिकहाँ गए, भने, "महाजन, तपाईंले भन्नु भएर नै बाटोमा फालिराखेको मरेको मुसा लिई त्यसबाट मैले दुई लाख रूपियाँ कमाई सकें। आधी रकम तपाइँले लिनुहोस्।"

उनको कुरा सबै सुनेर सेठ चुल्लसेट्ठिले उनलाई आफ्नो एक्ली छोरी दियो। त्यसबेलादेखि त्यो मान्छे चुल्लसेट्ठिको ज्वाईं मात्र होइन, उनको उत्तराधिकारी पनि भयो।

यो जातक कथा भगवान्ले चुल्लपंथक नाम गरेको एकजना मन्द बुद्धि भएको भिक्षुको कारणले सुनाउनु भएको थियो। यसमा मरेको मुसालाई काममा लिई लखपति हुने चुल्लपंथक हो; अनि चुल्लसेट्ठि त बोधिसत्व नै भयो। ■

(साभार- जातक कथा)



‘दिवंगत भिक्षु ज्ञानपूर्णिक महास्थविरको अन्त्येष्ठी’ को बाँकी अंश ... ...

दिवंगत भिक्षु ज्ञानपूर्णिक महास्थविरको पार्थिव शरीर



दिवंगत भिक्षु ज्ञानपूर्णिकको सुगति एवं निर्वाण कामना गरि पुण्यानुमोदन गर्नुहुँदै उहाँका शिष्यहरू

शवयात्रा पाटनको शंखमूल स्थित मशान घाटमा पुगि अन्त्येष्ठी कार्यक्रम संचालन गरियो ।

दिवंगत श्रद्धेय ज्ञानपूर्णिक महास्थविरको पार्थिव शरीरमा नेपालको राष्ट्रिय झण्डा ओढाई शैनिक टुकडीले शाहि सलामी चढाई राष्ट्रिय सम्मान प्रदान गरिएको थियो ।

सो पश्चात् अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय मैत्री महास्थविर र भिक्षु महासंघका पूर्व अध्यक्ष बोधिसेन महास्थविरबाट संयुक्त रूपमा दाग बत्ति चढाउनु भएको थियो ।

त्यसपछि भिक्षुहरू, प्रव्रजित गुरूमांहरू, भिक्षु ज्ञानपूर्णिक महास्थविरका आफन्त परिवार लगायत थुप्रै उपासक उपासिकाहरूले दागवत्ति चढाई अन्तिम श्रद्धाञ्जली अर्पण गर्दै उहाँको सुगति र निर्वाण कामना गर्दै पुण्यानुमोदन गरिएको थियो । ❀



दिवंगत धम्मदिन्ना गुरूमां

धम्मदिन्ना गुरूमां दिवंगत हुनुभयो

धम्मदिन्ना (रेवती) गुरूमां यही २०७७ सालको असार २० गते दिवंगत हुनुभएको समाचार छ पाल्पामा बि.सं. १९८५ श्रावणमा माता चित्र कुमारी शाक्य र पिता पद्म राज शाक्यको कोखबाट जन्मनु भई सेती शाक्यको नामबाट चिनिनु भएकी उहाँ बि.सं. २०३८ साल फागुण पूर्णिमाका दिन भिक्षु ज्ञानेश्वरको उपाध्यायत्वमा कुशिनगरमा प्रव्रजित गुरूमां हुनुभएको कुरा थाहा हुन आएको छ ।

आफ्नो जीवनको ३९ वर्ष बुद्ध शानमा अर्पण गर्नुभएकी धम्मदिन्ना गुरूमांलाई सुगति एवं निर्वाणको हेतु प्राप्त होस् भनी कामना गर्दै पुण्यानुमोदन गरिएकोछ ।

– अन्तराष्ट्रिय भिक्षुणी संघ, नेपाल ।

बा.अ.का.द.नं. - ७०/०४०/४१ गो.हु.का. (साविकको म.क्षे.हु.नि.द.नं.) १७/०६५/०६६ (०७७/०७८)

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



जन्म :
बि.सं. १९९६ मंसिर ६ गते

दिवंगत :
बि.सं. २०७७ असार १९ गते, शुक्रबार

दिवंगत भिक्षु ज्ञानपूर्णिक महास्थविर

अखिल नेपाल भिक्षु महासंघका सातौं संघनायक, विश्व शान्ति विहारका प्रमुख, थेरवाद एकेडेमीका प्राचार्य, कर्मस्थानाचार्य अग्ग महा सद्धम्म जोतिक धज, अग्ग महापण्डित, धर्माचार्य डा. ज्ञानपूर्णिक महास्थविर बि.सं. २०७७ असार १९ गते शुक्रबार दिवंगत हुनुभयो ।

बुद्ध शासनमा रहेको उहाँको अमूल्य योगदानलाई गुणानुस्मरण गर्दै पूज्य भन्तेको परलोक जीवन सुगतिमय बनोस् र उहाँलाई यथाशिघ्र निर्वाण हेतु लाभ होस् भन्ने कामना गर्दछौं ।

धर्मकीर्ति विहार परिवार

श्रीघः नःघः
काठमाडौं, नेपाल ।

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com